

सिद्धिदास अमात्य

सज्जन हृदयाभरण

सिद्धिदास अमात्यकृत

सज्जन हृदयाभरण

(नेपाली भावानुवाद संस्करण)

रवि शाक्य, इखाछैं, यल

अनुवादक

छत्रबहादुर कायस्थ

प्रकाशक

ने.सं. ११३०

वि.सं. २०६७

पासा पुचः, बेल्जियम

पुस्तक : **सज्जन हृदयाभरण***
(नेपाली भावानुवाद संस्करण)

लेखक : **सिद्धिदास अमात्य**

अनुवादक : **छत्रबहादुर कायस्थ**

प्रकाशक : **पासा पुचः, बेल्जियम**

प्रकाशन : नेपाल संवत् ११३० ञला गाः २
विक्रम संवत् २०६७ आश्विन ९
ईस्वी संवत् २०१० सेप्टेम्बर् २५
महाकवि सिद्धिदास अमात्यको १४४ औँ जन्मजयन्तीको उपलक्ष्यमा
१००० प्रति

सर्वाधिकार ©: **अनुवादक**

ISBN : **978-9937-2-2676-9**

मूल्य : रु १००।– (नेपालमा)
यूरो ५ (युरोपमा)
अमेरिकी डलर ८ (अमेरिकामा)

---

* मूल भाषा : नेपालभाषा,
प्रस्तुत पुस्तक नेपालभाषाबाट नेपाली भाषामा भावानुवाद ।

भूमिका

आजभोलि सम्पूर्ण भाषामा दोहा चौपाई बनाई पुस्तक प्रकाशित गरेको छ । हामी नेपाली समाजमा दोहा चौपाईका पुस्तक छैन । यही कारणले नीति र स्त्रीधर्मसम्बन्धी दोहा चौपाई बनाई **सज्जन हृदयाभरण** नाउँले यो पुस्तक प्रकाशित गरेको छु । पुस्तकमा कहीँ भूलचुक हुनसक्छ । ज्ञानीजनहरूले राम्ररी केलाई सुझाव दिनुहुन अनुरोध गर्दछु ।

हाम्रो नेपालमा मुन्तिर थोपा भएका 'व'लाई 'ओ' भनेर पढ्दै छौँ । अब यी पुस्तक छाप्दा 'ओ' भन्नुपर्नेलाई हामीले 'व' भनी रहेकोमा 'ओ' पढ्नु पऱ्यो । 'व'लाई पेट चिरेको 'ब' भनी जानी यो पुस्तक पढ्नुभएमा मजा आउँछ भनी मनको कुरा पोखेको छु । फेरि यो दोहा चौपाईको पुस्तक भनेर नपन्छाउनू । दोहा चौपाई दुबै कण्ठ गरी पढ्नुभएमा यो पुस्तकमा रहेको रस राम्ररी पिउन सक्छौँ । राग (लय) मिलाई पढ्नुभएमा धेरै आनन्द हुन्छ । फेरि यो पुस्तकमा कहीँ अक्षर, रेफ, विन्दुमा भूल हुनसक्छ । जति मसीले छाप्नुपर्ने हो त्यति शिसाको टुक्रा मिलाई एक धिक्का गरी छाप्नुपर्ने हुनाले कहीँ अक्षर खसेको, कहीँ अशुद्ध पनि भएको हुनसक्छ । त्यसैले यो पुस्तक पढ्नुहुने महानुभावहरूले सच्याई पढिदिनुहुन अनुरोध गर्दछु ।

सिद्धिदास अमात्य
नेपाल ।

शुभकामना

रजनी प्रधान
अध्यक्ष
पासापुचः बेल्जियम

जातिय पहिचान भाषाबाट हुन्छ भन्ने महान् उक्तिका साथ नेपालभाषा (नेवारभाषा)को विकासमा समर्पित व्यक्तित्व हुन् **सिद्धिदास अमात्य** । उहाँ नेपालभाषा पुनर्जागरणकालका अग्रज तथा नेपालभाषाका महाकवि हुन् । उहाँले रचना गर्नुभएको पचासौं पुस्तकहरू छन् । तीमध्ये **सिद्धिरामायण** महाकाव्य, **सत्यसती** खण्डकाव्य, **सम्वाद** काव्य र **सज्जन हृदयाभरण** (दोहा, चौपाई) पुस्तक महाकवि सिद्धिदास अमात्यका अमर कृतिहरू हुन् । यी अमर कृतिहरूले नेवार समुदायको पहिचानसहित नेपालभाषाको (नेवारभाषाको) विकासमा सघाउ पुऱ्याउन सहयोग गरेको थियो ।

नेपालबाट वेल्जियममा आएर काम गर्ने हामी भाषा, साहित्य र संस्कृतिका अनुरागीहरू मिलेर **पासा पुचः बेल्जियम** संस्था खोलेका छौं । यो संस्थाको उद्देश्य आफ्ना भाषा, साहित्य र संस्कृतिको उत्थान गर्न सक्दो सहयोग पुऱ्याउनु हो । यही उद्देश्यअनुसार हामीले ने.सं. ११२९/वि.सं. २०६६ सालमा महाकवि सिद्धिदास अमात्यको जन्मजयन्ती समारोह आयोजना गरेका थियौं । समारोह भव्यतासाथ सम्पन्न भएको थियो । यही खुसियालीमा महाकवि सिद्धिदास अमात्यका कृतिहरूमध्ये **सज्जन हृदयाभरण** पुस्तक नेपालीभाषामा भावानुवाद गराई प्रकाशित गर्ने निधो भयो ।

पुस्तक प्रकाशन गर्न हामीलाई सहयोग गर्दै आउनुभएका **नेपाल संस्कृति** (मासिक पत्रिका)का सम्पादक तथा अन्वेषक श्री छत्रवहादुर कायस्थज्यूलाई अनुरोध गरियो । उहाँले महाकवि सिद्धिदास अमात्यका नेपालभाषामा रचित **सज्जन हृदयाभरण** नेपालीभाषामा अनुवाद गरी समस्त नेपाली समाजमा नेवारभाषा साहित्यको पहिचान स्थापित गराउन जमर्को गर्ने साहित्यकार श्री छत्रबहादुर कायस्थज्यूलाई **पासा पुचः बेल्जियम** हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

नेपालीभाषामा अनूदित महाकवि सिद्धिदास अमात्यका अमूल्य कृति **सज्जन हृदयाभरण** (मूल नेपालभाषा)को प्रकाशन गर्न आर्थिक सहयोग गर्नुभएका दाता श्री चिजकुमार श्रेष्ठ र श्रीमती शिलु श्रेष्ठलाई **पासा पुचः बेल्जियम**को तर्फवाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

पाश्चात्य संस्कृतिको वोलवाला हुँदै गइरहेको अहिलेको विश्वमा आदिम भाषा, संस्कृतिको जगेर्नाले नेपालीपनमा थप मिठास आउनु स्वाभाविकै हो। त्यसमा पनि जाति र भाषाको पहिचानले लोपोन्मुख हुनबाट बचाई हाम्रो प्राचीन संस्कृतिको संरक्षणमा यो एउटा थप पाइला हुन सक्ने कुरामा हामीलाई विश्वास छ । साथै आगामी दिनमा यो अभियान अझ द्रुतगतिमा अगाडि वढाउन र नेवारभाषामा लेखिएका अन्य कृतिहरू प्रकाशन गर्ने कार्यमा प्रेरणा मिल्नेछ आशा गरेको छु।

महाकवि सिद्धिदास अमात्यको अमर कृति **सज्जन हृदयाभरण** नेपालीभाषामा भावानुदित संस्करण प्रकाशनको सफलताको लागि शुभकामना व्यक्त गर्दछु।

ने.सं. ११३० गुंला गाः ७ गुरुवार
वि.सं. २०६७ भाद्र १७
सन् २०१० सेप्टेम्वर् १

मन्तव्य

सुरेन्द्रमान अमात्य
संयोजक, प्रकाशन समिति
पासा पुचः, बेल्जियम

नेपालभाषाका साहित्यका महाकवि सिद्धिदास अमात्यको नाम नेपाली जनमानसमा परिचित रहेको छ। नेपालभाषाको विकास र विस्तार गर्न उहाँले ठूलो सङ्घर्ष गर्नुभएको थियो। **सुन्दरी** पत्रिकामा उहाँको नेपालीभाषामा रचित कविता प्रकाशित छ। उहाँले चाहना गर्नुभएको परिवर्तनका रेखाहरू सराहनीय छन्। नेपाली इतिहासको विभिन्न कालखण्डमा समय-सापेक्ष साहित्य सिर्जनाहरू नेपालीहरूमाझ प्रस्तुत गरेर उहाँले नेपालभाषा र नेपालीभाषालाई ठूलो गुण गर्नुभएको छ। हामीले फेला पार्न सकेका पचासौं उत्कृष्ट कृतिहरू यसको ज्वलन्त उदाहरण हुन्। उहाँले लेख्नुभएको सम्पूर्ण कृति प्रकाशित गर्न त्यस बेलाको सामाजिक, आर्थिक र राजनीति परिवेशले गर्दा धेरै चुनौती थियो भन्दा हामीले आश्चर्य मान्नुपर्ने अवस्था छैन। एकातिर राणा शासनको जर्जर वातावरणमा आफ्ना लेखहरूबाट समाजया चेतना फैलाउन खोज्नु 'सर्पको दुलोमा हात हाल्न खोज्नु'जस्तै थियो भने अर्कोतिर जनतामा चेतनाको दीयो बाल्नका लागि आफूले झक्झक्याई रहनु परेको थियो। भनिन्छ राणा विरोधी आफ्ना रचनाहरूबाट पनि नेपाली जनताले बाल्न नसकेको सलेदो सल्काउन धेरै हदसम्म भूमिका खेलेको छ।

नेपाली समाजलाई **सिद्धिरामायण** महाकाव्य, **सत्यसती** खण्डकाव्य, **सज्जन हृदयाभरण** (दोहा, चौपाई)जस्ता गहन साहित्यिक कृतिहरू सुम्पिनुभएका महाकवि सिद्धिदास अमात्यको योगदानको मूल्याङ्कन गर्दै हुलाक सेवा विभागले उहाँको तस्बीर अङ्कित तीस पैसाको हुलाक टिकट प्रकाशित गरेको थियो ।

पासा पुचः, बेल्जियमको स्थापनाको सुरुवातसँगै **महाकवि सिद्धिदास अमात्य**को जन्मजयन्ती पनि मनाइएको थियो । पछि **पासा पुचः, बेल्जियम**का सदस्यहरूको सदिच्छाअनुसार यिनै धरोहरको पहिलो प्रकाशित **सज्जन हृदयाभरण** पुस्तक नेपालीभाषामा भावानुवाद गराई प्रकाशित गर्ने जमर्को गरेका हौं । यसको लागि नेपाल, ललितपुर निवासी अन्वेषक तथा साहित्यकार श्री छत्रबहादुर कायस्थलाई अनुरोध गरें । उहाँले नेपालीभाषामा भावानुवाद गर्नुभएको छ, र छपाइसम्बन्धी सम्पूर्ण कार्यमा समेत सहयोग गर्नुभएको छ । उहाँको सेवा र योगदानलाई **पासा पुचः बेल्जियम**को तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

पासा पुचः बेल्जियमले सिर्जनशील स्रष्टाहरूको आँगनमा पुगी उहाँहरूको कलाकृतिलाई सम्मान र संरक्षण गर्नका लागि सक्दो सहयोग गर्ने उद्देश्य राखेको छ । यही उद्देश्यअनुरूप आगामी पिढीहरूलाई पनि आफ्नो ज्ञान, सीप, कलाको उत्थानको लागि सदैव सक्दो सहयोग र सहकार्य गर्नेछ भन्ने विश्वास दिलाउन चाहन्छु ।

अन्त्यमा नेपालीभाषामा अनुदित महाकवि सिद्धिदास अमात्यका कृति **सज्जन हृदयाभरण** प्रकाशित गर्न आर्थिक सहयोग गर्नुहुने दाताहरू श्री चिजकुमार श्रेष्ठ तथा श्रीमती शिलु श्रेष्ठलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रकाशनको सल्लाह दिई सहयोग गर्नुहुने पी.जी. शेर्पा, रवीन्द्रमान श्रेष्ठ, अर्जुन श्रेष्ठ, कृष्ण बजगाँई, विमल गिरी, श्रीमती रुक्मिणी अमात्य र अन्य **पासा पुचः बेल्जियम**का पदाधिकारीहरूलगायत अन्य नेपाली कला, संस्कृति, साहित्य र समाजको श्रीवृद्धिका लागि उत्साह र हौसला प्रदान गर्नुहुने आदरणीय महानुभाव तथा साथीहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अस्तु ।

ने.सं. ११३० गुंला गाः ७ गुरुवार
वि.सं. २०६७ भाद्र १७
सन् २०१० सेप्टेम्बर् १

महाकवि सिद्धिदास अमात्य र सज्जन हृदयाभरण

छत्रबहादुर कायस्थ

१. महाकवि सिद्धिदास अमात्य

नेपालभाषा साहित्य फाँटका सज्जनहरूमध्ये सबभन्दा सोझासिधा र सत्यवादी कवि हुन् सिद्धिदास अमात्य । उनी कवि मात्र होइन कथाकार, निबन्धकार र जीवनीकार पनि हुन् । नेपालभाषामा सर्वप्रथम महाकाव्य लेख्ने महाकवि पनि उनी नै हुन् । उनले लेखेको महाकाव्यको हो **सिद्धिरामायण** । उनको सेवा र योगदानको सम्मान गर्दै हुलाक सेवा विभागले वि.सं. २०३७ वैशाख १ गते ३० पैसाको हुलाक टिकट प्रकाशित गरेको छ । यो उनको स्मृतिमा राज्यले प्रदान गरेको श्रद्धा सुमन र सम्मान हो । नेपाली समाजमा उनको स्थान **महाकवि**कै रूपमा प्रशिद्ध छ ।

नेपालभाषाको इतिहासमा ने.सं. १०२९–५९/वि.सं. १९६६–९६ को अवधिलाई पुनर्जागरणकाल भनिन्छ । नेपालभाषा पुनर्जागरणकालका अग्रज कवि तथा क्रान्तिकारी अगुवा हुन् महाकवि सिद्धिदास अमात्य । उनको जन्म ने.सं. ९८७ ञला गाः (भाद्र कृष्ण) द्वितीया/वि.सं. १९२४ आश्विन १ आदित्यवारका दिन काठमाडौंको केल टोल, क्वाछेँननिमा मध्यम परिवारमा भएको थियो । उनका पिताको नाम लक्ष्मीनारायण अमात्य र आमाको नाम हर्षलक्ष्मी अमात्य हो ।

सिद्धिदासलाई ५ वर्षकै उमेरमा उनका पिताजीले घरमै पढाउन थाले । बाह्रखरि चिनेपछि घरमै गुरु राखिदिए । गुरु २/३ महीनापछि परलोक भए । त्यसपछि पं. लक्ष्मीनाथसित **भारस्वती** र **अमरकोश** पढे । पं. लक्ष्मीनाथकै भाइ पं. रेवतीरमणसँग **मुहूर्तचिन्तामणि** (ज्योतिषी) सिके । तिक्ष्ण वुद्धिका सिद्धिदासले आफूले पढेका श्लोकहरूको भाषाटिका लेख्ने गरे ।

लक्ष्मीनारायण अमात्यले आर्थिक विपन्नताका कारण हातमुख जोर्ने मेसो मिलाउन सकेन । यसको लागि आफ्ना जेठो छोरो सिद्धिदासलाई जागिर खुवाउने सोचे ।

सोचे । पन्ध्र सोह्र वर्षको कलिलो उमेरमै सिद्धिदासलाई थापाथली दरबारको नगद तहसिल अड्डामा नकल सार्ने काममा लगाए । यहाँ सिद्धिदासले स्याहा, स्रेस्ताको काम सिके ।

वि.सं. १९४० तिर जगन्नाथ, काशी आदिको तीर्थयात्रा गर्न सपरिवारसाथ लक्ष्मीनारायण अमात्य हिँडे । त्यहाँ सिद्धिदासले **सुखसागर**, **ज्योतिषसार** र **हितोपदेश** (भाषाटिका) पुस्तकहरू किने । कलकत्ता २१ दिन बसेर सिद्धिदासले प्रेससम्बन्धी काम सिके । नेपाल फर्केपछि सिद्धिदासलाई थापाथलीमा नौ मोहरको नौसिन्दाको जागिर मिल्यो । लक्ष्मीनारायण अमात्यको घरमा सुख छायो ।

वि.सं. १९४२ मा प्राइमिनिस्टर रणोद्दीपसिंहको हत्यापछि वीरशम्शेर नेपालको प्राइमिनिस्टर बने । सिद्धिदास अमात्यको जागिर गयो । जागिर गएकोमा उनले दुःख मानेनन् । बरू दासताबाट मुक्त पाएको सम्झे । यही उपलक्ष्यमा तमाखु खाने अमल पनि छोडे । अरू अमल त छँदै थिएन ।

सिद्धिदासलाई फुर्सदको समय भयो । साथी मोतिलालको जनबाहाल टोलको कपडा पसलमा जान लागे । पसलमा दुबै जना मिलेर हिन्दीभाषाको **प्रेमसागर** नेपालभाषामा अनुवाद गर्न थाले । वि.सं. १९४८ मा दुबै जना वीरगञ्ज पुगे । मोतिलाल वीरगञ्जमै बसे । सिद्धिदास नेपाल फर्के । पछि एक्लैले **प्रेमसागर** अनुवाद गर्दै गए ।

लक्ष्मीनारायण अमात्यले सिद्धिदासलाई कपडाको पसल राखिदिए । व्यापारको लागि सामान लिन कलकत्ता जानुपर्‍यो । कलकत्तामा रहँदा पुस्तकालयमा गएर पुस्तकहरू पढ्ने गरे । वि.सं. १९६३ सालमा राम्रा-राम्रा पुस्तक र पत्रिकाहरू किनी नेपाल फर्के । औलो लागेर थला परे । पसल पनि बिग्रियो । औलो निको भएपछि साहित्य साधनामा लागे ।

सिद्धिदासले सानै उमेरमा मातृशोक सहेका थिए । त्यसपछि लक्ष्मीनारायणले दोश्रो विवाह गरे । यी सौतेनी आमा पनि भाइ गौरीदास र बहिनी लीलावती (बेतीनानी) जिम्मा दिएर यो संसारबाट हिँडे । लक्ष्मीनारायणले तेश्रो विवाह गरे बेलकुमारीसँग । बेलकुमारीबाट चार भाइ जन्मे । वि.सं. १९६८ मा

लक्ष्मीनारायण मरे । पितृशोक सहनुको साथै घरको सम्पूर्ण सिद्धिदासले भार बहन गर्नुपऱ्यो ।

सिद्धिदासको सानैमा विवाह भएको थियो । उनकी श्रीमतीको नाम हो, गङ्गादेवी । सानी छोरी सुमेरुलक्ष्मीलाई छाडेर गङ्गादेवी पनि स्वर्गतिर लागिन् । सिद्धिदासले दोश्रो विवाह गरे । उनी कडा स्वभावकी थिइन् । उनले छोरीलाई सहेनन् र सिद्धिदासलाई पनि शान्ति दिइनन् । साथै सौतेनी आमाको वचन सहनु परेको थियो । त्यसैले सिद्धिदास साहु योगवीरसिंह र धर्मवीरसिंहको व्यापारी काम गर्न वीरगञ्ज पुगे । उनी वीरगञ्जमा वि.सं. १९७६–८० अवधि बसेको देखिन्छ । काम सकिएपछि सिद्धिदास काठमाडौं फर्के ।

काठमाडौंमा सिद्धिदासले काम पाएनन् । आर्थिक विपन्नताले पिरोल्यो । सौतेनी आमाले भिन्न राखे । वि.सं. १९८३ सालमा भूधरानन्द वैद्यको कमलाछीको औषधी पसलमा औषधी कुट्ने काम गरे । साहित्य साधनामा लागि रहे । पोषणको कमीले स्वास्थ्य कमजोर हुँदै गयो । श्रीमतीले घरमा टिक्न दिएनन् । सबै कृति पोको पारी बहिनी लिलावतीको घर पुगे । पछि नेपालभाषासेवीहरूले खोज्दै आउनेछ, उनीहरूलाई दिनू भनी पोको बहिनीलाई सुम्पे । ने.सं. १०५० कछला र : (मार्ग कृष्ण) त्रयोदशी/वि.सं. १९८६ मार्ग १४ गते शुक्रवारका दिन पशुपति आर्यघाटमा प्राण त्यागे ।

२. सज्जन हृदयाभरण

सिद्धिदासका पचासौं प्रशिद्ध कृति छन् । यीमध्ये हालसम्म प्रकाशित कृतिहरू यी हुन्– **सत्यसती** (खण्डकाव्य), **सम्वाद** (पद्य), **सञ्चय** (पद्य), **सिद्धिदास थःगु मिखाय** (आत्मकहानी), **शिवविलासया बाखं**, **सरल छन्दबोध व सूक्ष्म छन्द**, **सत्यसदन** (पद्य), **कर्मया भोग धैगु छु ?**, **सनातन धर्म**, **सप्त–स्तुति**, **सर्व बन्धु**, **शुक रम्भा सम्वाद**, **सकतां माः**, **सज्जन हृदयाभरण** ।

यी कृतिहरूमध्ये **सज्जन हृदयाभरण** एकमात्र महाकविको जीवनकालमा प्रकाशित प्रशिद्ध कृति हुन् । वि.सं. १९७२ मा लेखेको यो पुस्तक वि.सं. १९७६ मा उनी आफैं भारतको बेतिया गई छापी ल्याएका हुन् । यसमा जम्मा चार वटा सर्ग छन् । तीन वटा सर्गमा नीतिका कुराहरू दोहा र चौपाई छन् । अन्तिम चारौं सर्गमा स्त्री धर्मसम्बन्धी कुराहरू छन् ।

सरसरती हेर्दा नीति र धर्मका कुराहरूको सङ्कलनजस्तो देखिन्छ। वास्तविकता भने जनमानसमा चेतना जगाई भाषा, समाज र देशको उत्थान गर्ने उद्देश्यले यो पुस्तक लेखेका हुन्। यी कुरा महाकविले सुरुमै उल्लेख गरेका छन्–

परउपकार हुन्छ कि भनी अति नै यत्न गरी।
'सज्जन हृदयाभरण' ग्रन्थ लेखें मन लगाई ॥ ३ ॥ (पृ. १)

महाकविको समय जहाँनिया राणाशासन। विद्या नै ज्ञानका ज्योति हुन्। विद्या पढे जनता शिक्षित र सभ्य हुन्छ। शिक्षित र सभ्य जनताबाटमात्र समाज र देशको उत्थान हुन्छ। राणाशासकहरू विद्या पढ्ने जनतालाई अपराधीझैं व्यवहार गर्थे। यी अवस्थालाई महाकविले दोहामा गर्नुभएको देशको चित्रण–

वृत्ति छैन, बन्धु छैन जहाँ, माया नगर्ने देश।
विद्या पढ्न नपाइने भए छोडी जानू ती देश ॥ ४ ॥ (पृ. २)

सज्जन हृदयाभरणमा महाकविले दोहा र चौपाईमार्फत अभिव्यक्त गर्नुभएको राम्रा-राम्रा अभिव्यक्तिहरू अध्ययन गरौं–

विद्याबारे चौपाई,

हरेक पहाडमा माणिक कहाँ हुन्छ। सज्जन त कहीं मात्र हुन्छ।
खेल्न पठाऔं पाँच वर्षसम्म। छैटौं वर्षदेखि पढाइन्छ नपुगेसम्म।
समान सम्झी शिष्य र पुत्रलाई। पढाउनुपर्छ सम्झाई बुझाई।
चोर्न सक्दैन चोरले विद्या-धन। दाजुभाइलाई पनि भाग लाग्दैन।

(पृ. २)

उद्योग र **विद्या**बारे दोहा,

भोकै बस्नुपर्दैन कहिले गरे भने उद्योग।
विद्या छ भने धन नभए पनि छैन शोक ॥ १३ ॥ (पृ. ५)

सङ्गतबारेमा दोहा,

पण्डितको सङ्गतले मूर्ख पनि ज्ञानी हुन्छ।
फूल पनि सङ्गतले शिरमा बस्न पाउँछ ॥ १६ ॥ (पृ. ६)

सत्यवादीबारेमा दोहा,

सत्य-वचन बोल्नेलाई सधैं हुन्छ सुख।
झूठो-वचन बोल्नेले पाउँछ अति दुःख ॥ १८ ॥ (पृ. ६)

शान्ति र **समानता**बारे दोहा,

मीठो कुरा गरी हिँड रीस-राग बिर्सेर ।
शान्ति चाहिन्छ है सबैलाई बराबर ॥ २१ ॥ (पृ. ७)

उद्धार गर सधैँ करुणा राखेर प्रभु तिमीले ।
सबै सम भएको हेर्न पाऊँ बिर्सन्नँ यो मैले ॥ १८ ॥ (पृ. १७)

भाषासम्बन्धी दोहा,

दाजुभाइ बसेका ठाउँमा हुन्छ है ज्ञानका कुरा ।
उन्नति गर्नू है आफ्नो भाषाको सुख हुन्छ सारा ॥ २३ ॥ (पृ. ८)

ज्ञान, कला, शिक्षा फेरि सबै ज्ञान हासिल गर ।
अरू भाषाहरूको पनि आफ्नो भाषामा प्रचार गर ॥ २४ ॥ (पृ. ८)

धर्म र **पाप**बारे दोहा,

धर्मबिना अर्को ठूलो छैन है कुनै पनि ।
त्यसैले धर्ममा लगाऔँ मान्छेले आफ्नो जुनि ॥ २५ ॥ (पृ. ९)

धर्मबिना यो संसारमा अरू छैन भलो ।
पापबिना यो संसारमा छैन है कुभलो ॥ १६ ॥ (पृ. ३५)

उपकारबारे दोहा,

सज्जन मान्छे नम्र बोली परउपकार गर्छ ।
दाँतका हृदयमन्दिरमा सुयश चन्द्रमा घुम्छ ॥ १२ ॥ (पृ. १५)

आफ्नो साक्षी ईश्वर छ मनले गर विचार ।
नराम्रा काम छाडी गर प्राणीको उपकार ॥ ८ ॥ (पृ. ३२)

अपमानको बारेमा दोहा,

पाइतलाको धूलो भनी नगर अपमान ।
त्यही धूलो आँखाभित्र पसी दिन्छ पीडा धुमधाम ॥ ७ ॥ (पृ. २२)

सज्जन र **दर्शन**बारे दोहा,

स्रुखले टिपेन आफूलाई फल, पिएन पानी खोलाले ।
अरूलाई सुख दिने कारणले जन्म लिए सज्जनले ॥ ८ ॥ (पृ. २२)

खराब मान्छे खोजी हिँडें भेटेन एक जना पनि ।
आफ्नै मनलाई जोखी हेरेँ देखेँ यहाँ आफ्नै खराबी ॥ १२ ॥ (पृ. २४)

कामबारे दोहा,

भलो चिताई मनले, राम्रोमात्र गर ।
यसले काम सिद्ध भई हुन्छ लाभ धेर ॥ ९ ॥ (पृ. ३)

काम गर्न जन्म दिने ईश्वर हुन् हामीलाई ।
काम नगरे कहाँ हुन्छ भलो हामीलाई ॥ १ ॥ (पृ. ३०)

चरित्र र **उपाय**बारे दोहा,

मन पर्दैन मलाई हीरा,मोती र मणिको हार ।
मन पर्छ मलाई अति जो गर्छ चरित्र सुधार ॥ १३ ॥ (पृ. १५)

उपाय केही नगरे दैवले के दिन सक्छ ।
रोपाइ नै नगरे खेतमा कसरी धान फल्छ ॥ २५ ॥ (पृ. २८)

यी अभिव्यक्तिहरू पढेर हामी भन्न सक्छौँ– **सज्जन हृदयाभरण** महाकविका मानवोपयोगी अमूल्य कृति हो । यो पुस्तकका रचयिता महाकवि सिद्धिदास अमात्य नेपालको महान् सत्यवादी, सज्जन र प्रेरणाका मूर्ति हुन् ।

३. भन्नुपर्ने केही कुरा

बेल्जियममा रहेका प्रवासी नेपालीहरू मिली आफ्ना भाषा, साहित्य र संस्कृतिको उत्थान गर्ने हेतुले स्थापना भएको संस्था **पासा पुचः बेल्जियम**ले वि.सं. २०६६ मा नेपालभाषाका महाकवि सिद्धिदास अमात्यको जन्मजयन्ती मनाउने योजना तर्जूमा गरे । सिद्धिदाससम्बन्धी सामग्रीको लागि ललितपुर निवासी श्री बाबुराज जोशीज्यूसँग सम्पर्क गरे । साथी श्री बाबुराज जोशीज्यूले **नेपाल संस्कृति सिद्धिदास**

विशेषाङ्क र **नेपाल संस्कृति : सामान्य ज्ञान** बेल्जियम पठाउनुभयो । यी सामग्री बेल्जियम पुगेपछि श्री सुरेन्द्रमान अमात्यज्यूले सम्पर्क गर्नुभयो। माग भएबमोजिमको सामग्री पठाएँ । महाकविको जन्मजयन्ती भव्यरूपमा सम्पन्न गरेको फोटो र समाचार प्राप्त भयो । ज्यादै खुसी लाग्यो ।

पछि महाकविको **सज्जन हृदयाभरण** पुस्तक प्रकाशन गर्ने निर्णय भएको सूचना श्री सुरेन्द्रमान अमात्यज्यूबाट पाएँ । यसको लागि अनुवाद गरी प्रकाशनको कामको लागि सहयोग गर्न अनुरोध भयो । दोहा र चौपाईमा अनुवाद गर्न लामो समय लाग्ने भएकोले पहिलो सर्ग भावानुवाद गरी पठाएँ। भावानुवाद नै छाप्ने निर्णय भयो । बाँकी कार्य पनि अनुवाद गर्न अनुरोध भयो । भावानुवाद गर्ने काम सुरु गरेँ । महाकविको भावनालाई नबिग्रने गरी अन्त्यानुप्रास मिलाउने कोसिस गरेको छु ।

नेपालमै पुस्तक छाप्ने योजनाअनुसार समयमै पुस्तक छापी बेल्जियम पठाउनुपर्ने भयो । छोटो समयमा काम गर्नु परेकोले कहीँ भूलचूक भएको सूचना पाए अर्को संस्करणमा सुधार गर्नेछु। यो भावानुवाद हेरी सुझाव दिनुहुने आदरणीय साहित्यकार प्रा. सुवर्ण शाक्यज्यू र कुमारधर शर्माज्यूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

बेल्जियममा रहेर पनि आफ्ना भाषा, साहित्य र संस्कृतिप्रति माया ममता गरी यसको उत्थान कार्यमा लागी रहनुभएका **पासा पुचः बेल्जियम**का सल्लाहकार तथा **सज्जन हृदयाभरण** प्रकाशनका संयोजक श्री सुरेन्द्रमान अमात्यज्यू, **पासा पुचः बेल्जियम**का अध्यक्ष रजनी प्रधानज्यू र **पासा पुचः बेल्जियम**या सम्पूर्ण परिवार तथा दाता श्री चिजकुमार श्रेष्ठज्यू र श्रीमती शिलु श्रेष्ठज्यूलाई धन्यवादसहित आभार प्रकट गर्दछु । अस्तु ।

ने.सं. ११३० गुंला गाः ७ गुरुवार
वि.सं. २०६७ भाद्र १७
सन् २०१० सेप्टेम्बर् १

मन्तव्य

प्रा. सुवर्ण शाक्य

नेवार एक जाति हो, नेपालको सृष्टिको संरचनाको परिचय स्वरूप। काठमाडौं उपत्यका नेपालको पहिलो इतिहास हो राज्य संरचनामा। नेवार ऐतिहासिक जाति हो आदिवासी समूहमा। उपत्यका वाग्मती सभ्यताको प्रथम चरण हो। चीनको ह्वांग-हो, रूसको भोल्गा, ग्रीसको नाइल तथा भारतको सिन्ध अनि यस्तै यस्तै पुराना सभ्यताहरूमा वाग्मतीसभ्यता पनि आफ्नै पनको रहेको छ। यहाँको सभ्यता सजीवको छ, व्यवहारवादी छ। शिवले विश्वमा आध्यात्मिक प्रभाव छरेझैं बुद्धले वैज्ञानिक कर्मवादी जीवनको विस्तार गरे। यी दुबै कुरा नेपाली सभ्यताका मूल आधार हुन्। यस प्रकारका आधार भनेकै मानवमात्रको सरल स्वस्थ जीवन यापनको लागि निर्मित संस्कृति हो जसमा अत्यावश्यक शीलाचरण, शिष्टता र अनुशासन निहित रहेको छ। यो संस्कृति नीतिअन्तर्गत रहेको छ जुन जीवनसापेक्ष छ। खान-पान, वेश-भूषा, रहन-सहन, बन्द-व्यापार, साहित्य-सङ्गीत र चाड-पर्व सबै यसै संस्कृतिको जीवनपद्धति हो। यस्ता रिति, स्थिति, व्यवहार सबै समय अवस्थाअनुसार व्यवस्था गरिएको छ, यस संस्कृतिमा। नेवारको जीवनमा प्रहर प्रहरको मूल्यको विश्लेषण छ। साँझ-बिहान, दिन-रात, ऋतु-वर्ष सबै अवस्थानुसार प्रयोगको व्यवस्था गरिएको छ नेवार–समाजमा। यी सबै कुरा प्राकृतिक छन्, स्वस्थ छन् दैनिक जीवनमा। त्यसैले नेवारीपन व्यावहारिक छ समूचा संस्कृतिमा।

नेपाली जनजीवन राजनीतिक आवहवामा उत्तार-चढाव आउँदै जाँदै गरी बित्दै गरेको छ। एकताका यस्तो अवस्था आयो नेपालमा निरङ्कुश राज्यशासनको शिकार बनी नेपालीहरू बलिबेदीमा बाँधिएसरह रहे। जनता चल्मलाए। देशमा क्रान्तिको सूत्रपात भयो। शोषण दमनको पराकाष्ठामा भित्रैदेखि निहारियो। क्रान्तिकारीहरू बलिदानसम्म भए। त्यस बेलाका विविध क्रान्तिमा साहित्य पनि एउटा क्रान्तिको माध्यम बन्यो। क्रान्तिको रूपमा मानिसमा चेतना जगाउन नीतिका कुराको आधार लिइयो। यस्ता नीति शासक शासित दुबैको लागि ग्राह्य कुरा रहन गयो। त्यसैको फलस्वरूप भाषा साहित्यका चार खम्बामध्येका एउटा

बलियो तगडा खम्बाको रूपमा रहेका सिद्धिदास अमात्यको लेखनीबाट **सज्जन हृदयाभरण**का कुराहरू उद्धृत भए । यही कुरा नेपालभाषामा पुस्तकीकृत भई प्रकाशनमा आयो । नेपालभाषामा लेखिएको यो पुस्तक जनमानसमा भिज्ने खालका विविध भाषाद्वारा संप्रेषण गराइनको लागि लादिएर राष्ट्र बनेको नेपालीभाषामा सबैको लागि बुझ्न सजिलोको खातिर अनूदित हुन आयो । यो **सज्जन हृदयाभरण** नामक अनूदित पुस्तकको विशेषता भनेको नेपालभाषाक्षेत्रमा अथक प्रयासमा लागिरहेका व्यक्तिबाट अनूदित रहेको छ । यसो भनेको समर्पित भावको नमूना भइदिएको हो । यसका भावानुवादक छत्रबहादुर कायस्थ हुनुहुन्छ ।

अनुवादकार्य गाह्रोमा मानिन्छ । यस पुस्तकको अनुवाद गाह्रो मान्नुपर्ने खालको रहेन । भावना भएकाका लागि कुनैपनि कुरा सुगम हुने भएझैं सरर भाषा प्रवाहित भई अनूदित भएको छ । साहित्यको विविध अङ्गको रूपमा छन्द, अलंकार, यमक आदितिर नपरी विषयावस्तुतिर केन्द्रित हुनगएको छ । रसमाधुर्य जस्तै भएपनि वास्तविकता बोध गराउनुपर्ने आजको अवस्थालाई यसले कज्याएको छ । आज मानिस धेरै शिक्षित भइसके । शिक्षित भएकोको प्रमाणपत्र धेरैले भिरिसकिएको छ । टेक्नोलोजीको विकास नै शिक्षाको उन्नति भएको भन्ने भइसक्यो । मानिस धेरै धेरै नै चलाक भइसके । आफ्नोलागि सुविधा धेरै लिन जानिसके । एउटा कुरा भने ह्रास हुँदै गइराखेको छ । त्यो हो शान्तिबिनाको जीवन सञ्चालन भइरहेको । शान्तिबिना शान्त सुख कहाँ हुन्छ ? यस कुराबाट परिचय गराउन सकिन्छ आजको शिक्षाको पन । शान्तिको आधार भन्नु नैतिकता हो । नैतिकताबिनाको शिक्षा विकास भएर पनि विनाशको हेतु भएर जानु कटुसत्य हो । त्यसैले पहिले नैतिकताको विकास गर्न नीतिगत कुरा नै बुझ्नुपर्ने आवश्यकता देखिन आउँछ । यसै दृष्टिअनुसार यो नीतिसम्बन्धी पुस्तक प्रकाशित भएको आजको सार्थक कदम हो भन्न सकिन्छ । त्यस बेलाको महाकवि सिद्धिदास अमात्य, आजको सेवी व्यक्तित्व छत्रबहादुर कायस्थ समयसापेक्ष बनिदिएको छ । अनुवादका साथै प्रकाशनमा गहन जिम्मा लिनु भनेको मन-धनको पुष्पित भावनाको चिन्ह हो । दुबै पक्षमा साधुवाद छ ।

ॐबहाल, काठमाडौं, नेपाल ।

ने.सं. ११३० ञला थ्वः ५
वि.सं. २०६७ भाद्र २८ सोमवार
सन् २०१० सेप्टेम्बर् १३

शुभकामना

योगेन्द्र श्रेष्ठ
महासचिव
पासा पुचः बेल्जियम

सयौं थुङ्गा फूलका हामी स्वाभिमानी नेपाली हाम्रो राष्ट्रिय-गानमा समेटिएका यो शब्द हाम्रो आदर्श एवम् गौरव हो । हाम्रो नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक तथा विभिन्न अनुपम विविधताले भरिपूर्ण देश हो । यिनै विविधताभित्र पर्ने एउटा अंश नेवार जाति पनि हो। देशको तत्कालीन अन्यौलपूर्ण परिस्थितिका कारण नेपाल निर्माण गर्ने यी चेतनशील दिमाग र बलिया पाखुरा वाध्यतावश विदेशीभूमिमा बजर्न हामी वाध्य छौँ। नेपालमै बसेर देशलाई केही योगदान गर्न नसके पनि विदेशी भूमिमै रहेर पनि आफ्ना भाषा, संस्कृति र परम्परालाई निरन्तरता एवम् संरक्षण गर्नको लागि "नेवारभाषा, संस्कृति र परम्पराको संरक्षण गरौँ। एकआपसमा भाइचाराको अभिवृद्धि गरौँ" भन्ने अभियानकासाथ स्थापना भएको **पासा पुचः बेल्जियम**ले नेपाली समुदायमा विभिन्न क्षेत्रमा रहेका शास्त्रहरूको खोजीनिति एवम् सम्मान गर्न हरसमय तत्पर छ। हामी नेवार, हामीलाई संस्कृतिका धनी मान्दछौं । ती नेवार समुदायभित्र रहेका संस्कृति परम्परालाई नयाँ पीढीलाई पनि बोध गराउने हाम्रो प्रमुख लक्ष्य हो । यस्तै कार्यक्रमहरूलाई आत्मसाथ गर्दै अगाडि बढ्ने क्रममा हामीले हाम्रो पहिलो प्रयास स्वरूप नेपालभाषाका

प्रशिद्ध कवि **सिद्धिदास अमात्य**को प्रशिद्ध कीर्ति **सज्जन हृदयाभरण**लाई नेपालीभाषामा अनुवाद गरी तपाईंहरूमाझ ल्याउने जमर्को गरेका छौं । यो पुस्तक नेपालीमा भावानुवाद गरी सहयोग गर्नुहुने नेपाल ललितपुर निवासी श्री छत्रबहादुर कायस्थ हुनुहुन्छ। उहाँको सहयोग र सद्भावनालाई **पासा पुचः बेल्जियम**को तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

यस कीर्ति अध्ययनबाट सम्पूर्ण साहित्यप्रेमी नेपाली दाजुभाइ, दिदीबहिनीहरू पूर्ण लाभान्वित हुनुहुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं । तपाईंहरूको सद्भाव सहयोग र सदाशयता हुँदै गएमा हामी भोलिका दिनमा अझ यस्तै रचनात्मक कार्यमा अगाडि बढिरहने प्रतिवद्धता पनि यसै सन्देशमार्फत व्यक्त गर्दछौं । धन्यवाद ।

ने.सं. ११३० ञला थ्वः ५
वि.सं. २०६७ भाद्र २८ सोमवार
सन् २०१० सेप्टेम्बर् १३

नेपालीभाषामा अनुदित

महाकवि सिद्धिदास अमात्यका कृति

सज्जन हृदयाभरण

प्रकाशन गर्न

आर्थिक सहयोग गर्ने

दाताहरू

चिजकुमार श्रेष्ठ

श्रीमती शिलु श्रेष्ठ

सज्जन हृदयाभरण

सिद्धिदास अमात्य

श्रीगणेशाय नमः

सज्जन हृदयाभरण

नीतिका कुरा

दोहा

स्मरण गरें गुरुलाई जसले दिए मलाई ज्ञान ।
श्रीसरस्वतीको मूर्तिमा गरौं म दिनहुँ ध्यान ॥ १ ॥

गाई चराउने वृन्दावनमा खेल्दै अनेक खेल ।
भगवान् कृष्णलाई मैले गरें मनले मेल ॥ २ ॥

परउपकार हुन्छ कि भनी अति नै यत्न गरी ।
'सज्जन हृदयाभरण' ग्रन्थ लेखें मन लगाई ॥ ३ ॥

चौपाई

एक दिन जोखे हरिले तराजु समाई । पर-उपकार र मुक्ति दुईलाई ।
गह्रौं देखे हरिले ती उपकार । दश कालका ती हरि अवतार ।
धन जति हुन्छ उति मान गर्छ । जब धन हुन्न तब हेला गर्छ ।
धन भएपछि तिनी हुन्छ ज्ञानी । दश दिशा उसको हट्छ हानी ।

दोहा

वृत्ति छैन, बन्धु छैन जहाँ, माया नगर्ने देश ।
विद्या पढ्न नपाइने भए छोडी जानू ती देश ॥ ४ ॥

चौपाई

अरूलाई मन पर्ने जम्मा गर्नुपर्छ । मूल धन यो भनी सम्झी राख्नुपर्छ ।
जहाँ धन हुन्न, त्यहाँ मृत्यु समान । उसको उप-प्राण बुझ्नुपर्छ धन ।
खुवाउन सकेमात्र मान्छे आउँछ । मुख लेपले मात्र मृदङ्ग अति बज्छ ।
सबै बनमा चन्दन छैन होला । सबै हात्तीसँग गजमोति कहाँ होला ।

दोहा

वैद्यको सरस्वती-चूर्ण, ज्योतिषको व्यवहार ।
जीव र ईश्वर चिन्ने, ठूला यी तीनवटा ज्ञान ॥ ५ ॥

चौपाई

हरेक पहाडमा माणिक कहाँ हुन्छ । सज्जन त कहीँ मात्र हुन्छ ।
खेल्न पठाऔँ पाँच वर्षसम्म । छैटौँ वर्षदेखि पढाइन्छ नपुगेसम्म ।
समान सम्झी शिष्य र पुत्रलाई । पढाउनुपर्छ सम्झाई बुझाई ।
चोर्न सकिँदैन चोरले विद्या-धन । दाजुभाइलाई पनि भाग लाग्दैन ।

दोहा

अवगुण अरूको बिर्सौं, गुण जति सबैको सम्झौं ।
त्यसपछि रीसले छोड्छन् बाँड्दा लड्डु शान्तिको ॥ ६ ॥

चौपाई

समर्थलाई गह्रौं भन्ने केही हुँदैन । यात्रुलाई कहिल्यै थकाइ लाग्दैन ।
विद्या जान्नेलाई सबै आफ्नो देश । मीठो बोलीले हुन्छ मेलमिलाप ।
धनझैं विद्या लुकाइराख्नु पर्दैन । राजाले पनि हरण गर्न सक्तैन ।
विद्या भन्ने कहिल्यै मर्दैन भनी । पढौँ जति छ शास्त्र सबै खोजी ।

दोहा

ध्यानबिना कुनै काम पूर्ण भएको छैन ।
अन्नबिना जीवको पनि प्राण अडेको छैन ॥ ७ ॥

चौपाई

पर-उपकार गरी हिँड्न सके । छायाँझैँ हुन्छ शोभा बुझ्न सके ।
घोटेर लाएको निधारमा टीका । राम्रो छ छैन ऐना हेरे हुन्छ थाहा ।
सिद्धिमात्र सोध, विद्या सोध्नु पर्दैन । भोगमात्र हेर, धन हेर्नु पर्दैन ।
गुणमात्र सोधे पुग्छ, रूप पर्दैन । शील-स्वभाव सोध, कुल पर्दैन ।

दोहा

जम्मा गर्नू विद्या र धन, चिन्छ शय वर्ष भनी ।
धर्म गर्न हिँड्छन् दिनहुँ, बाँचिने आशाले अनि ॥ ८ ॥

चौपाई

बिग्रेला आफू भनेर मनले । काम नगरी बस्न सक्तैन उसले ।
धन प्राप्त गर्न जसले गर्छ काम । दिन, कालको पनि राख्छ ख्याल ।
लाभ हुने ठाउँ खोजी गर्छ जसले । रात-दिन लाभ प्राप्त गर्छ उसले ।
मिलिजुली गर्छ जसले काम । रात-दिन उसले प्राप्त गर्छ दाम ।

दोहा

भलो चिताई मनले, राम्रोमात्र गर ।
यसले काम सिद्ध भई हुन्छ लाभ धेर ॥ ९ ॥

चौपाई

ज्ञानी-गुणीसँग सत्सङ्गत गर । सधैँ पाउँछ उसले लाभ धेर ।
एक छिन पनि नफाल खेर । हात घोटी सधैँ गर्छ काम धेर ।
बास हो यो घर, हामी परदेशी । यी सम्पूर्ण परिवार हुन् विदेशी ।
आयु सकेपछि हिँड्नुपर्छ यहाँबाट । चेतना हुनेले यी सबै बुझ्छ ।

दोहा

कहिले पनि स्थिर भएर बस्दैन यो मन ।

आँखाले देखे जतिको वस्तु चाहारेर हिंड्छ ॥ १० ॥

चौपाई

जति छ काम सबै सकी सिक्छन् पढी । चीजबीज जति छन् मनले गुनी ।
रात-दिन ध्यानले काम जसले गर्छ । लाभ गरी उसले सुख भोग गर्छ ।
जो चूप नबसी उद्योग गर्छ । परीक्षण गरी उसले वस्तुको गुण हेर्छ ।
नयाँ चीज-बीजको जसले इच्छा गर्छ । अकिल गरी उसले सबै काम सिक्छ ।

दोहा

ज्ञानबिना कोही मान्छे धार्मिक बनेको छैन ।

सूर्य, चन्द्र, बत्तीबिना अँध्यारो हटेको छैन ॥ ११ ॥

चौपाई

सुन्नासाथ सिक्छ पढे भने विद्या । चाहिँदैन साथी पाठशाला जान ।
रात-दिन जसको सिक्ने मन हुन्छ । त्यस बच्चाको जीवन सुखी हुन्छ ।
थोपा थोपा पानीले भरिन्छ गाग्री । विद्या र धर्म सञ्चय गर्नुपर्छ ।
अलि-अलि माटो ल्याएर ठडाए घर । अकिल खोज्न गौँथलीको गुँड हेर ।

दोहा

वीज नछरी कुनै पनि वस्तु उम्रेको छैन ।

बीउ नराखी दूध जमाएको देखेको छैन ॥ १२ ॥

चौपाई

कहाँ सिद्धि हुन्छ उद्यम छोडेर । मृग त्यसै पस्दैन सिंहको मुखभित्र ।
कर्म-कर्म भनी उद्यम छोडेर । नभुटी तिलको तेल निस्कँदैन हेर ।
एक वटा चक्काले रथ गुड्दैन । उद्यम र कर्म दुबै चाहिन्छ हेर ।
हाँसी हाँसी लक्ष्मी उद्यमले आउँछ । अल्छीले अलक्ष्मी मात्र आउँछ ।

दोहा

भोकै बस्नुपर्दैन कहिले गरे भने उद्योग ।
विद्या छ भने धन नभए पनि छैन शोक ।। १३ ।।

चौपाई

नसुन्ने कानले पुराण र वेद । मोतिटप लगाएर खियाई मात्र ।
एक मुठी अन्न नखुवाउने । भन्दैन सुनको चुरा लाउँदैमा धन्य ।
छैन जहाँ सुखी वैद्य र धनी । राजा, पण्डित त्यहाँ छैन भने फेरि ।
ती देशमा नबसौं एकछिन पनि । गर्नुपर्छ काम खेर नजाने गरी ।

दोहा

सज्जन मान्छेको सङ्गतले मूर्ख पनि सप्रन्छन् ।
कमलको पातमा पानी मोतीझैं टल्कन्छन् ।। १४ ।।

चौपाई

झगडा र धनको कारोबार फेरि । अर्काकी स्वास्नीसँग बस्छ दिनभरि ।
यो देऊ, त्यो देऊ भनेर लिन्छ । भर्ना नदिई हाँकमात्र देखाउँछ ।
सधैं अगाडि बसिरहन्छ अडिग । यी छ वटा मन पर्दैन कसैलाई ।
ऋणको शेष, शत्रुको शेष । आगोको शेष यी हुन् तीन वटा शेष ।
बिउमात्र चाहिन्छ फेरि उम्रन्छ । बुद्धि हुनेले यति त्याग गर्छ ।

दोहा

रूप यौवन भए जन्मे पनि असल कुल ।
विद्या छैन भने सुगन्ध नभएको झैं फूल ।। १५ ।।

चौपाई

मनभित्र नरहेको पुस्तकको अक्षर । अर्काको हातमा रहेको धन ।
सङ्ग्रामको बेला घरमा रहे फौज । यी तीन वटा घाँसझैं बराबर ।
माग्ने भए पछि मान पनि जान्छ । निर्धन भएमा बुद्धि हीन हुन्छ ।
अल्छी भएमा काम सबै बिग्रन्छ । रीसले सबै काम नाशेर जान्छ ।

दोहा

पण्डितको सङ्गतले मूर्ख पनि ज्ञानी हुन्छ ।
फूल पनि सङ्गतले शिरमा बस्न पाउँछ ॥ १६ ॥

चौपाई

भुन्भुनाई भमरा यताउता उड्छ । घुमी चाँप फूलको रस चुस्छ ।
गुणी मान्छे कहाँ छ खोज्नुपर्छ । उसित रहेको ज्ञान हामीले लिनु छ ।
सधैँ आफू बाँचूँ भनी सिकौँ विद्या । यसरी नै लगाऔँ मन वृत्तिमा ।
काल हो पासो मान्छेको बुझी यहाँ । धर्म गर्न अघि सारौँ है पाइला ।

दोहा

यति उति बाँच्ने नजानेर भोकै बस्नुपर्ला भनी ।
मर्ने दिन अघिसम्म काम गर्छ कमाऊँ धन भनी ॥ १७ ॥

चौपाई

दुष्टको मित्र कहाँ हुन्छ यहाँ । धेरै मागे कसले दिन्छ यहाँ ।
धनले सबैको पेट भर्छ यहाँ । नराम्रो विचार आउँदैन यहाँ ।
वेदको फल होम हो भनी जानौँ । शास्त्रफल पाउन राम्रो काम गरौँ ।
स्त्रीले दिने फल हुन् छोरा र छोरी । धनले दिने फल हुन् दान गर्ने भारी ।

दोहा

सत्य-वचन बोल्नेलाई सधैँ हुन्छ सुख ।
झूठो-वचन बोल्नेले पाउँछ अति दुःख ॥ १८ ॥

चौपाई

प्राणीलाई हुन्छ धनको धेरै आशा । त्यस्तै धेरै बाँच्ने हुन्छ अति आशा ।
बूढाको तरुणी स्वास्नी धेरै मन पर्छ । जस्तै चोरलाई औँसी मन पर्छ ।
थप्दै जानुपर्छ सञ्चय हुन्छ धन । जति खर्च गरे पनि सकिँदैन धन ।
खोला पनि सुक्छ थप्नुपर्छ पानी । लाभ हुने काम गर्नुपर्छ जानी ।

दोहा

जति बाँच्छ त्यति धन भए बित्छ दिन सुखले ।
धन केही नहुने बाँचे पनि बित्छ दिन दुःखले ॥ १९ ॥

चौपाई

आराधना गर्नू है पुण्य हुने काम । सेवा गर्नू शास्त्रको मिल्छ माम ।
ध्यान गर्नू ईश्वरको मिल्छ फल । इच्छा गर्नुपर्छ है मोक्ष–पद ।
सधैँ लाभै लाभ भई रहन्छ । छोराछोरीले सेवा गरिरहन्छ ।
मधुर बोल्नेको आफ्नै कला हुन्छ । विद्या पारङ्गत भई सधैँ सुखी हुन्छ ।

दोहा

मीठो बोल सधैँ चारैतिर हुन्छ सुख ।
तीतो कुरा नगरे बसमा आउँछन् सब ॥ २० ॥

चौपाई

बोल्दै नबोली बरु बसे हुन्छ चूप । झूठ बोल्नु त कदापि हुँदैन ।
पुरुष नै नारी भई बस्नु बरु राम्रो । परस्त्रीलाई स्वास्नी बनाउनु साह्रै नराम्रो ।
यस लोकमा बरु मरी जानु राम्रो । अरूको ऋण लिई खानु हुँदैन राम्रो ।
काम गरी खानु सबभन्दा राम्रो । अरूको ऋण लिई खानु हुन्छ नराम्रो ।

दोहा

मीठो कुरा गरी हिँड रीस-राग बिर्सेर ।
शान्ति चाहिन्छ है सबैलाई बराबर ॥ २१ ॥

चौपाई

उमेर ढल्के विषयको काम छैन । धन सिधिएपछि जहानको काम छैन ।
पानी सुकेपछि पोखरीको काम छैन । ब्रह्म चिने संसारको काम छैन ।
कविता नबुझे विद्याको स्वाद छैन । गरीब नखुवाए धनको काम छैन ।
दया नहुनेलाई धर्मको काम छैन । राजनीति नजान्ने राजा बन्न सक्तैन ।

दोहा

स्पर्शमणिले छोए जति हुन्छ है सबै सुन ।
पण्डितको सङ्गतले चोर पनि हुन्छ सज्जन ॥ २२ ॥

चौपाई

छिनभर नछाडौं बुद्धिमान्लाई । स्त्री, बालक र रोगीहरूलाई ।
भएको धनदौलत, दास, पशु फेरि । विद्या अभ्यास, सज्जन सेवा फेरि ।
गरेको छुँ हामी भनी धर्म हजार । यी एउटा पापले के हुन्छ भनेर ।
नगरौं पाप आफ्नो मनले सोची । थोपा थोपा पानीले भरिन्छ गाग्री ।

दोहा

दाजुभाइ बसेका ठाउँमा हुन्छ है ज्ञानका कुरा ।
उन्नति गर्नू है आफ्नो भाषाको सुख हुन्छ सारा ॥ २३ ॥

चौपाई

कमिला सानो छ है हात्ती अति ठूलो । सुख दुःख भनेको आफैंमा हुन्छ जालो ।
दुःख दिन लागेका शत्रु भए पनि । गरौं उपकार यत्न आदि गरी ।
आफूलाई अरूले शत्रु ठाने । आफूले पनि अरूलाई शत्रु माने ।
प्रकाश नगरौं यी कुरा कसैलाई । अपमान मालिकको नभनौं कसैलाई ।

दोहा

ज्ञान, कला, शिक्षा फेरि सबै ज्ञान हासिल गर ।
अरू भाषाहरूको पनि आफ्नो भाषामा प्रचार गर ॥ २४ ॥

चौपाई

जुन मानिस विषयमा लोभी । नारीको यौवन हेर्न हिँड्छ डुली ।
चोरी, जारी पापीको साक्षी बक्ने । त्यो मान्छे कहिन्छ अति मूर्ख भनी ।
धन जम्मा गर्नू कपटी भने पनि । समयमा खर्चे भन्छ उसलाई त्यागी ।
कहाँ कति छ आफ्नो वस्तु थाहा लिन । तन मनले गर्नुपर्छ सधैं यत्न ।

दोहा

धर्मबिना अर्को ठूलो छैन है कुनै पनि ।
त्यसैले धर्ममा लगाऔँ मान्छेले आफ्नो जुनि ।। २५ ।।

चौपाई

मयल पखाली सफा भई बसौँ । नङ र कपाल काटी सफा रहौँ ।
हात खुट्टा धोई सफा भई बसौँ । सधैँ धर्मको काम गरी हिँडौँ ।
अविवेकी राजा, पक्षपाती जज । असल काममा नहिँड्ने पण्डित ।
साक्षी बसी हिँड्ने झूठ कुरा बक्ने । नबसौँ यी ठाउँमा एकछिन पनि ।

दोहा

अल्छी मान्छेले फुर्सद भए पनि गर्दैन काम ।
प्राप्त गर्न सक्तैन सिद्धि उसले गर्छ नाश धन ।। २६ ।।

चौपाई

शत्रुको गुण असल भए लिनू । अवगुण भए गुरुको पनि छाडी दिनू ।
सधैँ ठूलो भई रहँदैन कोही । सानो पनि भई रहँदैन कोही ।
दुई दाजुभाइ, शिष्य-गुरु फेरि । गरौँ सम्मान भेदभाव नगरी ।
दुई जना उभी कुरा गरी बसे । नजाऊ है तिनीहरूको बीचले ।

दोहा

पूर्व जन्मको कर्मले धनी पनि भयो निर्धन ।
त्यसैले गरौँ है व्यवहार सबैलाई समान ।। २७ ।।

चौपाई

पाल्नुपर्छ सधैँ आमा बाबुलाई । बालक, बूढा, दाजु भाइलाई ।
स्वास्नी र मित्र, दास दासीलाई । सकेको खुवाई पालौँ हे सबैलाई ।
पाँच हात पर बसौँ बग्गी आए । दश हात पर बसौँ है घोडा आए ।
सय हात पर बसौँ है हात्ती आए । दश हात पर बसौँ बैल आए ।

दोहा

काम गर्छ जसले लाभ, हानीको विचार नगरी ।
साहसी हो त्यो मान्छे, दुःख पाउँछ उसले भारी ॥ २८ ॥

चौपाई

खेती, व्यापारी र चाकरी अर्को फेरि । कालिगढ विद्या व्याज हुने फेरि ।
अनेक कला छ परिश्रम गरौँ । यी सबै गरेर धन जम्मा गरौँ ।
धेरै गुण भए पनि निर्धनीलाई । छोरा र स्वास्नीले छोड्छ उसलाई ।
ठूलो धन नै यो संसारमा धन । धनबिना कसैलाई दिँदैन सामान ।

दोहा

इति श्री सिद्धिदास अमात्य विरचितं
सज्जन हृदयाभरण प्रथम सर्ग ॥

अथ दोस्रो खण्ड

चौपाई

मीठो मीठो नखाऊ एक्लै मात्र बसी । नबस बास आफू एक्लै घुमी ।
एक्लैले मात्र धनको चिन्ता नगर । एक्लैले सुतेकाको नलेऊ धन ।
कारोबार गर्छु भनी मनले सोची । छैन नभन धन सबै कुरा खोली ।
अरू काम छैन भने आशामात्र गरी । अरूको घरमा नजाऊ दगुरी ।

दोहा

दाजु भाइ बन्धु मित्र सबैलाई गरौं सम्मान ।
घर आएका शत्रुलाई पनि गर सक्दो सम्मान ॥ १ ॥

चौपाई

लामो सिङ, नङ र दाँत भएका । दुर्जनमान्छे, स्वास्नीमान्छे हुन्छ जोडा ।
तिनीहरूको विश्वास र नदी किनार बास । नगर है सधैँ सतक हुनु बेस ।
सँगै नबस शङ्का भएकासँग । नीचको सेवा चाँडै छोड्नुपर्छ ।
अरूलाई बिगार्न गरेको कुरा । नसुन कहीँ, कुनै पनि ठाउँमा ।

दोहा

कसैलाई नभन्ने मनको कुरा र योजना ।
असल ती मान्छेले सिद्ध गर्छ आफ्नो योजना ॥ २ ॥

चौपाई

नगर कहिल्यै राजा आफ्नो भनी । स्वामी नबनाऊ मूर्खलाई साथी ।
इच्छा नगर है यी दुई कुरामा । बरु गर है ज्ञानी र महात्माको सेवा ।
पढ्नेलाई पाइन्छ अनेक शास्त्र । नजान्ने मान्छेलाई कसरी मिल्छ शस्त्र ।
भए भरका शास्त्र नित्य पढौं । दिनहुँ उसको बुद्धि वृद्धि हुन्छ जानौं ।

दोहा

धर्म, अर्थ, काम, मोक्ष कुनै नभएका मान्छे ।
बोकाको गोठको दूधझैं बुझ्नुपर्छ त्यो मान्छे ॥ ३ ॥

चौपाई

केही धन जम्मा गरौं प्रतिदिन । सिकौं है अनेक विद्या प्रतिदिन ।
धनबिना दान गर्न कहाँ सक्छ । नगर खर्च बेकार एक दाम ।
बाँचिन्छ सय वर्ष मनले सोची । धन र विद्याले अति सुख दिन्छ ठानी ।
बुद्धिमान् भए जम्मा गर्छ विद्या र धन । सिक्नुपर्छ अलि अलि गरी शास्त्र ।

दोहा

मूर्खले राखे खुट्टामा मणि, शिरमा राखे काँच ।
बेच्ने बेला थाहा हुन्छ जात कुन मणि, कुन काँच ॥ ४ ॥

चौपाई

यी तीन छोड्नुपर्छ सधैं मान्छेले । झूठ, व्यवहार र कुवृत्ति गर्ने ।
अर्काको अहित गर्ने मनले नसोचौं । के गरे दुःख हट्छ त्यही काम गरौं ।
विद्याको धन दान गर्नाले बढ्छ । विद्या जति भएपनि कहाँ गह्रौं हुन्छ !
लुट्न सक्तैन विद्या कसैले पनि । सेवा गर्छन् विद्यावान्को धनीहरू पनि ।

दोहा

धन नभए पनि सज्जनसँग हुन्छ गुण ।
फल नभए पनि बाँसले दिन्छ है शीतल ॥ ५ ॥

चौपाई

विद्याको बन्धु विदेशमा हुन्छ । विपत्तिमा पछि त्यही विद्या हुन्छ ।
जुन व्यक्तिले पढ्छ विद्या सधैँ । दुःख सबै बिर्सी सुख हुन्छ सधैँ ।
मरी गए पनि, बाँचे पनि । कीर्ति रहने काम गर्दै रहे पनि ।
कर्मभोग, व्याधिले पिरोले पनि । जागृत छ भनौँ निदाई बसे पनि ।

दोहा

मनुष्य जन्ममा काम नगरे हुँदैन सार ।
असार महिनामा पानी नपरे हुँदैन असार ॥ ६ ॥

चौपाई

काम एक दुई जनाको अधिकार । स्वास्नी नमर्दै गर्छ अर्को विवाह ।
भन्न नै नहुने कुरा स्वास्नीलाई भन्छ । तीजस्ता मूर्ख अरू छैन भन्छ ।
ठूलो हुन्छु भनी सोचे पनि । काम गर्नू है सानो भने पनि ।
सानो भए ती आगोको झिल्को उडी । दन दन बलेर दियो त्यसले ज्योति ।

दोहा

लक्ष्मी सम्झौँ आमालाई, पिता हरि भगवान् ।
दाजुभाइ विष्णुभक्ति देखौँ, त्रिभुवन देश समान ॥ ७ ॥

चौपाई

अरूको हितसमान अर्को धर्म छैन । परपीडासम पाप अर्को छैन ।
ज्ञानी गुणी भएमा नरम हुँदै जान्छ । अग्लो बाँसको बोट ढल्की जान्छ ।
सेवक लुच्चा, छुल्याहा श्रीमती । कन्जुसी राजा र धोकेबाज मीत ।
मन मनले चिन है यी चारजना । पीडा दिई बस्छ शूलझैँ पेटमा ।

दोहा

एक दिन कालले लान्छ दिनहुँ रोए पनि ।
सबै धन सम्पत्ति छोड्नुपर्छ जिद्दी गरे पनि ॥ ८ ॥

चौपाई

यो काम हुँदैन भनी नभन । गरेर मात्र सक्ने नसक्ने भन ।
कातर नबनौं, शुरा भई गरौं । अल्छी नबनी उद्योग भारी गरौं ।
उद्योग गरेमा लक्ष्मी पस्छिन् घर । कातर मान्छे दैवले दिन्छ भन्छ ।
उद्योग-बलले दैवलाई जित्छ । गर्दा गर्दै नभए कसलाई दिने दोष ।

दोहा

काग र कोइली छैन भेद, हेर्दा दुबै उस्तै ।
वसन्तमा हुन्छ थाहा, काग र कोइली बेग्लै ॥ ९ ॥

चौपाई

मान्छेको जन्म दुर्लभ भनी जानी । गर्नुपर्छ काम अल्छी सब नाशी ।
जबसम्म शरीरमा प्राण रहन्छ । तबसम्म काम गरी काल बिताउँछ ।
सबै सुख सिद्धि काम वश पार्छ । अपमान हुने सबै काम त्याग्छ ।
गरौं है यज्ञ, जप, तप, ध्यान । यी सम्पूर्णभन्दा राम्रो हो काम ।

दोहा

मीठोबोली जस्तो मन पर्ने छैन संसारमा अर्को ।
रीसले गरेको उपकारझैं मन नपर्ने छैन अर्को ॥ १० ॥

चौपाई

कति छ जड र जीव यहाँ प्राणी । राम्रो नराम्रो गुण अवगुण खानी ।
यी सबैको भन्दा यहाँ कारण ठूलो छ । ठूलोमा काम नै ठूलो छ ।
असल कामको फल सुखको भोग । सबै सज्जनले लिए यही जोग ।
नराम्रो काममा कसले गर्छ योग । ती व्यक्तिले नै गर्छ दुःखको भोग ।

दोहा

सज्जन हिंडेको बाटो लागौँ रात दिन सके ।
नसके अलि गई हेरौँ सुख हुन्छ जान सके ॥ ११ ॥

चौपाई

आफैँले सुधार्न जसले खोज्छ । रात दिन काम गरी हेर्छ ।
काम गर्छ गुणी बिर्सी सबै शोक । त्यसले सपार्छ लोक परलोक ।
अल्छी र मुर्दा समान छ भनौँ । भन्न सकेन यो काम आफैँ गरौँ ।
त्यसैले आफूले सक्ने काम गर । नीतिअनुसार सोची काम गर ।

दोहा

सज्जन मान्छे नम्र बोली परउपकार गर्छ ।
दाँतका हृदयमन्दिरमा सुयश चन्द्रमा घुम्छ ॥ १२ ॥

चौपाई

कतिले भाग्यलाई दिन्छ दोष । दु:ख भोग्दो रैछ त्यागेर उद्योग ।
जसले गरी हिँड्छ उद्यम व्यापार । हुँदैन उसलाई दु:खको भार ।
उद्यम नै हो है सुखको मूल । उद्धार गरी दिन्छ पेटको शूल ।
त्यसको लागि उद्योग गर्नुपर्छ । दिनहुँ उसलाई धन, मान हुन्छ ।

दोहा

मन पर्दैन मलाई हीरा, मोती र मणिको हार ।
मन पर्छ मलाई अति जो गर्छ चरित्र सुधार ॥ १३ ॥

चौपाई

सज्जनसँग सत्सङ्ग गरौँ । सज्जनसँग सँगै सँगै हिँडौँ ।
सज्जनसँग सधैँ मित्रता राखौँ । दुर्जनसँग संसर्ग नगरौँ ।
सुनको परीक्षा चार प्रकारले हुन्छ । पोली, ठोकी, घोटी, टुक्रयाई ।
त्यस्तै मनुष्यको परीक्षा गरौँ । विद्या, स्वभाव, गुण, काम हेरी ।

दोहा

पापीको साम् लाटो बनौं, धर्मीको साम् वीर ।
सम्पत्ति भए नरम बनौं, विपत्तिमा बनौं है धीर ॥ १४ ॥

चौपाई

दिनहुँ काममा जोटे शरीर । हृष्टपुष्ट हुन्छ है शरीर ।
योजना बनाई गरौं है अभ्यास । दिनहुँ बढ्छ बुद्धिको प्रकाश ।
जसले गर्छ यहाँ उद्योग व्यापार । उसलाई हुँदैन दुःखको भार ।
उद्यम नै हो यहाँ सुखको मूल । निको पार्छ उसले पेटको शूल ।

दोहा

आफ्नो चरित्रको आफैंले गर्नुपर्छ हेरचाह ।
मेरो आचरण पशु वा सज्जन होकि भनेर ॥ १५ ॥

चौपाई

दान दिए गरीबलाई दिनहुँ दाम । नगर तिमीले मनमा अति अभिमान ।
नगर है प्रेम दुष्ट जनलाई । बुझ रीत सम्झी ती सज्जनलाई ।
सबैसित प्रेमले मिलिजुली बसौं । बिन्ति गरी सबैको मनमा बसौं ।
सुख मिल्छ तब सबै जनतामा । गर्छ तिमीलाई प्रेम सबैले यहाँ ।

दोहा

बालकको झैं निर्मल होऊन् म र मेरो यो मन ।
छल प्रपञ्च त्यागी, हितमा लगाऔं तन मन ॥ १६ ॥

चौपाई

रूखको फल र नदीको पानी । मेघको वृष्टि यी तीन चीज ठानी ।
नलिनू है आफूलाई भनी । सज्जनको धन पनि यस्तै हो जानी ।
मीठो बोलीले हुन्छ शत्रु पनि मित्र । मीठो बोलीले पाउँछ सुखै सुख ।
मधुर वचन हो उन्नति गर्ने बाटो । मीठो बोली बोले हुन्छ सबैको प्यारो ।

दोहा

दश इन्द्रिय मन बसमा रहून् दिन दिन ।
काम, क्रोध, मद र मोहबाट मुक्ति पाउन ॥ १७ ॥

चौपाई

विद्या धेरै जानेमा दुर्जनलाई छोडौं । मणि भए पनि सर्पको टाढा बसौं ।
दयालुको दोष ईश्वरले सहन्छ । साधकको दोष जनताले सहन्छ ।
दान दिनुपर्छ गरीबलाई । दान दिएर पुण्य हुँदैन धनीलाई ।
औषधीको चाहा हुन्छ रोगीलाई । काम लाग्दैन औषधी निरोगीलाई ।

दोहा

उद्धार गर सधैँ करुणा राखेर प्रभु तिमीले ।
सबै सम भएको हेर्न पाऊँ बिर्सन्नँ यो मैले ॥ १८ ॥

चौपाई

कमाई गर्ने पुत्रले पर्खी बस्छ दीप । अल्छी नबनी गर्छ उसले शीप ।
नीर्धन पितालाई त्याग्छ छोराले । आफ्नो हुन्छ यहाँ सबै धन दिन सके ।
परम्परा धनले लाभ भए पनि । सञ्चय हुन्छ धन खर्च गरे पनि ।
झर्दै रहेको झरनालाई हेर । पानी नझरेको छैन गई हेर ।

दोहा

काम, क्रोध, मद, मोहको जहिले हुन्छ मनमा खानी ।
पण्डित होस् त्यसलाई चिनौं है तबसम्म मूर्ख भनी ॥ १९ ॥

चौपाई

देशाटन गरे बुद्धि तीक्ष्ण हुन्छ । उद्योगीको घरमा लक्ष्मीको बास हुन्छ ।
मुठी बाँधी बसे कसरी काम सिक्छ । टक भएको मोहर कहाँबाट निस्कन्छ ।
लोकप्रिय हुने मनले चाहेमा । बयान गरौं है मान्छे भएको बेला ।
सबै जना आफ्नो मुठीभित्र पार्न । दिनुपर्छ जसले जेजे कुरा माग्छ ।

दोहा

धन दिएर शरीरलाई बचाऊ आफ्नो लाज ।
धन, शरीर र लाज दिनू प्रेमको हो काज ॥ २० ॥

चौपाई

सुर, नर, मुनिको यही हो रीति । स्वार्थी भई गरिरहेछ प्रीति ।
अरूको लागि त्याग गर्छ देह । सबैले भन्छ यहाँ उसलाई सन्त ।
बिना सत्सङ्गले विवेक हुँदैन । अभ्यासबिना काम सजिलो हुन्न ।
त्यसैले काम गरी रहनुपर्छ । हुने नहुने पछि थाहा हुन्छ ।

दोहा

आत्मा र परमात्मा अलग बसे धेर काल ।
भेटाई दिए ईश्वरले नै सद्गुरु भई कमाल ॥ २१ ॥

चौपाई

विश्वास गरेन सत्य कुरा कोही । झूठो बोल्दा सबै विश्वास गर्न थाली ।
कोठाभित्र बसी रक्सी बेच्न सक्छ । दूध बेच्न घर घर घुम्नुपर्छ ।
सुनमा कहिल्यै खिया लाग्दैन । फलामलाई किराले खान सक्तैन ।
पुस्तक दिनहुँ पढ्ने मानिस । नरक जानुपर्दैन धर्म चिनेर ।

दोहा

के कामले सुख हुन्छ, गरेन मनले जाँच ।
जानी जानी सुन छाडी, बस्न गए लिई काँच ॥ २२ ॥

चौपाई

जहाँ दया हुन्छ त्यहाँ नै हुन्छ धर्म । जहाँ लोभ हुन्छ त्यहाँ नै हुन्छ पाप ।
जहाँ क्रोध हुन्छ त्यहाँ हुन्छ काल । जहाँ क्षमा हुन्छ त्यहाँ नै हुन्छ प्रेम ।
यहाँलाई न्याय धन हो भनी जान । परत्रलाई धर्म हो भनी जान ।
दुई हातमा नै मिठाई राखी बस्ने । यस्तालाई भन्छ चङ्ख र चतुरे ।

दोहा

अरूको ऋण लागे बुद्धिले छोडी जान्छ ।
जस्तै थुन्छ पंछी पिंजरामा, त्यस्तै मान्छे थुन्छ ॥ २३ ॥

चौपाई

इमान्दार भई बस यो संसारमा । कसले समाउन सक्छ उसलाई यहाँ ।
हुँदैन आफूसँग कुनै धन । घाट जगातीले लिन्छ के धन ।
क्षमाको पुण्यलाई दण्ड हुँदैन । अन्याय गर्ने मान्छेको भलो हुँदैन ।
राजाले पुण्य गर्न जति अघि बढ्छ । प्रजालोकले पनि त्यस्तै धर्म गर्छ ।

दोहा

हाँस र बकुल्ला सँगै हिंडे मानसरोवरमा ।
बकुल्लाले माछा खोज्न लागे, हाँसले मोती त्यहाँ ॥ २४ ॥

इति श्री सिद्धिदास अमात्य विरचिते
सज्जन हृदयाभरण द्वितीय सर्ग ॥ २ ॥

अथ तृतीय सर्ग

दोहा

लोभी र पापी ती दुई जनाले देखाए खेल ।
परिणाम हेरी लोक भन्छ दुबै जना बैल ॥ १ ॥

चौपाई

कोसँग छैन यहाँ जातको शोक । धन अलि नभएर भयो अलि शोक ।
सुंगुर जन्मेको सँगै हेर हेर । डराएछ त्यो मृत्यु हुन्छ भनेर ।
विधवा नारीको स्तन फुल्यो हेर । सुक्दै गए फेरि त्यहीँ गएर ।
निर्धनी मान्छेको बुद्धि मनबाट निस्केर । फेरि भित्र पसे त्यहीँ नै गएर ।

दोहा

मुखले भन्ने काम नगर्ने त्यसलाई भनौ लबार ।
धोखा खान्छ उसले यमराजको दरबारमा पुगेर ॥ २ ॥

चौपाई

के दिन सक्छौं हामीले यहाँ दान । सबैभन्दा ठूलो दान हो विद्यादान ।
अन्न दान दिए दिनभर पुग्छ । विद्या दान दिए जन्मभरी पुग्छ ।
जहाँ हुँदैन शील असल स्वभाव केही । ती मान्छेहरू ज्ञानले जिउँदै मरेसरि ।
बुद्धिले गरे सबै काम बन्छ । अल्छीलाई कहाँ सुख मिलेको छ र ।

दोहा

शास्त्र केही नजानेर गर्छु भनेन उपकार ।
जसतै ज्वरमा गर्दैन काम, न गर्छ उसले याद ॥ ३ ॥

चौपाई

धनलाई व्यर्थ खर्च नगर है भाइ । धेरै नै काम लाग्छ धन हाइ हाइ ।
धन मात्र दिए यहाँ सबै लोक । हाजिर हुन्छ छोडेर सबै शोक ।
सारेर साख्नू आफ्नो बुद्धिले जाने जति । छानेर राख्नू पुस्तक चाहिने जति ।
पुस्तक र ग्रन्थ जसले पढ्दैन । उसको बुद्धि बिग्रेछ भनी जान ।

दोहा

गरे सकिन्छ काम सबै, हतारे काम बिग्रन्छ ।
समयमा फल्छ फल, अघि पछि कहाँ फल्छ ॥ ४ ॥

चौपाई

विष लागे पनि नडरा भाइ । ऋण लागेमा सताउँछ भाइ ।
एक दाम औषधीले विष निको हुन्छ । ऋण लागेमा उसले भीख माग्छ ।
छलफल गरे सबै कुरा हामी । थाहा हुन्छ सबै कुरा यस्तो हो भनी ।
सोधपुछ नगरी त्यसै बसेमा । के काम कस्तो हो मिल्दैन थाहा ।

दोहा

दीप ज्योतिमा पस्दै मरे जसरी ती पुतली ।
यौवन-वत्तीको मोहमा फस्ने पुरुष सरी ॥ ५ ॥

चौपाई

सोध्ने गर्छ जो अरूकहाँ गई । सिकिन्छ उसले नबुझेको पढी ।
सानै होस् उसले ज्ञान प्राप्त गर्छ । पीरो खोर्सानी सानै मन पर्छ ।
आफूलाई जे जति दुखेको छ । मन भन्छ अरूलाई पनि दुख्छ ।
तराजु जोख्नुपर्छ कम्पास हेरी । नत्र लाटाले पनि जोख्छ मनपरी ।

दोहा

कसैले दिएको होइन सुख दुःख, आफ्नै कर्मले हो ।
हावाले झण्डा छोपेर देखाए, पछि फेरि झिकेर ॥ ६ ॥

चौपाई

जति जति शास्त्र दिनहुँ पढ्छ । ध्यानको फूल उसको राम्ररी फुल्छ ।
शास्त्र नपढेर त्यसै बसिरहे । मूर्ख भएर रुनुपर्छ उसले ।
बैस जति होस् जसले पढ्छ दिनहुँ । विद्या जानेर उसको मन हाँस्छ दिनहुँ ।
विद्या नजान्नेले दुःख भोग्नुपर्छ । विद्या जान्नेले सुखको भोग गर्छ ।

दोहा

पाइतलाको धूलो भनी नगर अपमान ।
त्यही धूलो आँखाभित्र पसी दिन्छ पीडा धुमधाम ॥ ७ ॥

चौपाई

विद्या नसिकाई खवाइ लवाइ । छोरा छोरी पाली ठूलो पार्छ हुर्काई ।
पछि आमा बाबुलाई पापी भनी । आफ्नो बाटो लाग्छ दुबै छोरा छोरी ।
आफ्नो कोठामा ऐना छ भने । मुख हेरी सफा गर्छ धूलो लागे ।
आफ्नो कोठामा छ भने पुस्तक । हेर्न पाइन्छ दिनहुँ परे पनि रात ।

दोहा

रूखले टिपेन आफूलाई फल, पिएन पानी खोलाले ।
अरूलाई सुख दिने कारणले जन्म लिए सज्जनले ॥ ८ ॥

चौपाई

जुवा खेलेर धनी हुन्छु भनी । नगर है आशा एक दिन पनि ।
पञ्च पाण्डव जुवाले भयो नाश । गर्नुपऱ्यो फेरि बनको बास ।
अर्काकी स्वास्नीलाई आमा भनेर मानौँ । अरूको धनलाई माटो सरह मानौँ ।
अरूको जीवलाई आफ्नो सम्झन सके । ज्ञानी भनी जानौँ यति गर्न सके ।

दोहा

गाली गरे काम बिग्रेको हो कि विचार गर ।
तीतो छ भनी औषधी नपिए निको हुँदैन ज्वर ॥ ९ ॥

चौपाई

आमाको गर्भबाट निस्कनासाथ । हुँदैन ज्ञान लोकलाई थाहा छ ।
घुमीफिरी सत्सङ्ग गरेमा । बिस्तारै सिक्छ ज्ञान गुणका कुरा ।
गाई भैंसी पाले दिन्छ दूध खान । सर्पलाई पाले दिन्छ केवल विष ।
यसरी पात्र विचार गर । दुःखपछि दिनहुँ आउँछ है सुख ।

दोहा

जसले दिन्छ दान उसैसँग गर्नू आश ।
पानी बिनाको पोखरीमा पस्दैमा मेटिंदैन प्यास ॥ १० ॥

चौपाई

अघि पछि कहिले थाहा भएन यहाँ । कालको ताप आउँछ भनी यहाँ ।
सबै धन-सम्पत्ति छोडी जानुपर्छ । धर्म र पाप यी दुई लिनुपर्छ ।
जाँदैन बैस म मरे पनि हेर । धन र विद्या जम्मा गरौं धेर ।
भोलि मर्ने काल आयो सम्झी । धर्म गरी हिंडौं दिन दिन बढी ।

दोहा

शास्त्रको भरोसा छोडी जो लिन्छ अरूको भरोसा ।
सुख-सम्पत्ति हुँदैन कुनै पनि है नरक सिबाय ॥ ११ ॥

चौपाई

ऋण लिएको दाम तिर्न सक्ने मान्छे । भन्नुपर्छ तिनी धन भएको मान्छे ।
ऋणमात्र लिई चुंदाम नतिर्ने । जति धन भएको होस् भनौं कन्जुसे ।
अक्षर नपढी त्यतिकै हल्लेर । सुखको इच्छा मूर्खमात्र गर्छ ।
त्यतिकै राखेर ज्यामीलाई पैसा । कामै नगरी कसले दिन्छ ज्याला ।

दोहा

खराब मान्छे खोजी हिंडें भेटेन एक जना पनि ।
आफ्नै मनलाई जोखी हेरें देखें यहाँ आफ्नै खराबी ॥ १२ ॥

चौपाई

मनले सबै त्याग गर्न सक्ला । अन्न, पानी, आगो कहाँ छोड्न सक्ला ।
हेरी साँच जे सामान भए पनि । मिसिँदैन त्यहाँ अर्काको भए पनि ।
दिनमात्र सके भक्त भनेर । पक्ष भै उसको आउँछ हरिहर ।
मरी गए पनि उसको पछि पछि । बयान गर्छ लोकले सबै बुझी ।

दोहा

गाई, हात्ती, घोडा धन भए पनि रत्नको खान ।
जुन दिन हुन्छ सन्तोष, त्यो दिन सबै धूलो समान ॥ १३ ॥

चौपाई

उपकारको छाप टाँस्दै हिंडे पनि । शोभा अति छ भने कालो भए पनि ।
श्रीखण्डको टीका लगाई हिंडेको । छाप होइन त्यो रङ्ग मात्र लागेको ।
कालिगढ्ले ठोके पेच्किला घुमाई । फत्ते गर्छ काम अलि अलि सिध्याई ।
राहुले समाते सूर्य र चन्द्रलाई । अलि अलि गरेर ग्रास तुल्याई ।

दोहा

बलियाको मात्र छ है साथ, निर्बलको छैन साथ ।
हावाले आगोलाई सल्काए, बत्तीलाई निभाए साथ ॥ १४ ॥

चौपाई

जति पढ्न सके त्यति नै बढ्छ ज्ञान । नपढी हल्लेर कसरी हुन्छ ज्ञान ।
गङ्गाको जल यहाँ बोकी ल्याएको । हुँदैन गाग्रीमा जति लोटामा ल्याएको ।
अल्छी भएर खालि सुती बसे । दामले नपाउने समय खेर फाले ।
अनेक जुक्तिले नदी रोक्न सक्छ । समय रोक्ने जुक्ति जसले गर्न सक्छ ।

दोहा

शब्द बराबर छैन धनजस्तो जान्यो है बोल ।
हुन्छ मूल्य हीरा-मोतीको, हुँदैन शब्दको मोल ॥ १५ ॥

चौपाई

जति धागो बाँट्छ तन्किन्छ है धागो । लामो भए चुँडिन्छ है धागो ।
चित्त दुखेको कुराले ज्ञान दिए पनि । टुक्रिन्छ है मन ज्ञानी भए पनि ।
सिकाए हुन्छ बानर पनि ज्ञानी । नाचेर देखायो है राम्रो गरी बानी ।
खन्दनी बजाएर उफ्रिउफ्री हिँडेको । हेर्ने देख्ने सबै मिचिमिची हाँसेको ।

दोहा

दामबिना न्याय हुन्छ यो संसारको रूप ।
दिन खोजे भगवान् हरिले छैन ग्राहक भरपूर ॥ १६ ॥

चौपाई

बाटो हेरेर मात्र हिँड्नुपर्छ । धमिलो पानी छानी पिउनुपर्छ ।
सत्य अङ्गाली गरौं काम कुरा । विचार गरिकन नहिँडौं यताउता ।
लाभ गर्न सके पर्खी बस्छ धन । खर्चमात्र गरे रहँदैन धन ।
खर्च गरेझैं जसले लाभ गर्छ । उसको घरमा धनले बास गर्छ ।

दोहा

शास्त्र पढ्नू यो जगत्मा भव सागरको नाम ।
अरू कुरा खोजे डुबेर भासिन्छ है नाम ॥ १७ ॥

चौपाई

बिग्रने बेलामा पण्डितजीको बुद्धि । उल्टो भई जान्छ नभएर शुद्धि ।
केराको बोटमा केरा फलेपछि । काट्छ त्यो बोट खियाई धार चुपी ।
तृष्णाजस्तो व्याधी हुँदैन भाइ । दयाजस्तो धर्म अरू छैन है भाइ ।
सन्तोषजस्तो सुख छैन है भाइ । क्षमाजस्तो तप अरू छैन भाइ ।

दोहा

सुख दुःख हुन्छ कामले अरूले होइन ।
झपारे शत्रु बन्छ, प्रिय बन्न बोल्नू नम्र वचन ॥ १८ ॥

चौपाइ

विद्या पढाए मूर्ख सफा भई जान्छ । हरिको जपले पातकी सफा भई जान्छ ।
नबोली बसे झगडा साम्य हुन्छ । जागा भई बसे भय हटेर जान्छ ।
कसैसँग नभएको मन पर्छ । आफूसँग भएको मन पर्दैन माल ।
सबैलाई मन पर्छ नयाँ चीज । पुरानो वस्तुको गर्छ बरबाद ।

दोहा

धर्मग्रन्थ र सज्जन दुबै भन्छ कुरा एक ।
दुःख दिए आउँछ दुःख, सुख दिए आउँछ सुख ॥ १९ ॥

चौपाई

सक्तैन चोरले चोरेर लान । सक्तैन दाजु भाइले बाँडेर लिन ।
जति खर्च गर्छ त्यति बढ्छ फेरि । अति नै ठूलो छ विद्या धन फेरि ।
सबभन्दा ठूलो हो यो भण्डार । ज्ञान प्राप्त गर्ने शास्त्र हेरेर ।
जति खर्च गर्छ त्यति बढ्छ फेरि । सञ्चय मात्र गरे घट्दै जान्छ फेरि ।

दोहा

दैवले दिन्छ भनी नबस, गर सक्दो उपाय ।
दैवले दिएको अन्न नखाई के गर्चौ उसलाई ॥ २० ॥

चौपाई

ऋण बोकाई जाने पिता पनि शत्रु । विचार नगर्ने आमा पनि शत्रु ।
अति नै सुन्दरी स्वास्नी पनि शत्रु । मूर्ख छोरा बन्छ जन्मभर शत्रु ।
अति धन भए पनि दान नगर्ने । शास्त्र नपढी वैद्य काम गर्ने ।
मूर्ख पुत्र, राजा अनि अति क्रोधी । यी सबै ठान्नू देशका शत्रु भनी ।

दोहा

कर्मले दिन्छ भनी मूर्खले गरेन उपाय ।
हातमा लिएको भात पनि मुखमा हाल्नुपर्छ ॥ २१ ॥

चौपाई

उपायले पक्रन्छ सर्प, हात्ती, सिंह । उपायले बस्छ त्यो पानीभित्र ।
उपाय गरेर जान्छ मान्छे स्वर्ग । हीरा घोटी बस्छ नगरी उपाय ।
छोरा, धर्मपत्नी र शत्रुलाई पनि । दण्ड गर्नु परे युक्ति गर्नुपर्छ ।
सम्मान गर्नुपर्ने र मित्रलाई पनि । दण्ड गर्नु परे पनि युक्ति गर्नुपर्छ ।

दोहा

मनुष्य जन्म लिएर राम्रा, नराम्रा जे गरे ।
त्यही भोग गर्नुपर्छ भाइ, सम्झनू है यी कुरा ॥ २२ ॥

चौपाई

विष नभएका सर्पले फणा झिक्नुपर्छ । विष छ छैन कसलाई थाहा हुन्छ ।
फणा देख्नाले मात्रै सबै डराई भाग्छ । सुराको लक्षण पनि यही हो भन्छ ।
मृगले मानेन सिंहलाई राजा । अभिषेक दिएको कहीँ छ कि भन ।
आफ्नो बुद्धि बलले राजा बनी बसे । आफूलाई बनाउने आफैं हो जाने ।

दोहा

निकासबिना इनारमा सधैं पानी हुँदैन ।
उपाय गर्न नसके कर्मले मात्र कहाँ हुन्छ ॥ २३ ॥

चौपाया

कन्याको धन्दा सधैं आइरहन्छ । नदिएसम्म है दिने धोको हुन्छ ।
दुःख सुख भन्ने दिएपछि थाहा हुन्छ । कन्याको बाबुको मन सधैं रुन्छ ।
नदी र छोरीको त्यही भनी चाल । नदीले दायाँ बायाँ बगाएर लान्छ ।
छोरी जातले लगे कुल रित्याई । दिइरहनुपर्छ सधैं सधैंलाई ।

दोहा

काम गरे ज्याला दिन्छ बाजी बाजीले उसलाई ।
दुःख गरी इनार खनी निस्क्यो पानी उसलाई ॥ २४ ॥

चौपाई

उद्योगीको घरमा लक्ष्मी भित्र आई । दैवले दिन्छ भनी नबस है भाइ ।
बुद्धि बल भए कर्म वृद्धि हुन्छ । काम बिग्रे दिन्छ कसैलाई दोष ।
सन्तोष भएन भने ब्राह्मण बिग्रन्छ । लाज नमान्ने भए नारी बिग्रन्छ ।
सन्तोष भयो कि राजा बिग्रन्छ । अति लज्जालु वेश्या पनि बिग्रन्छ ।

दोहा

उपाय केही नगरे दैवले के दिन सक्छ ।
रोपाइ नै नगरे खेतमा कसरी धान फल्छ ॥ २५ ॥

चौपाई

दुर्जनसित युवतीहरू लाग्न सक्छन् । राजाको स्नेह कोसित हुन्छ ।
अति ठूलो धन कृपणीसित हुन्छ । पहाडको छेउ अति पानी पर्छ ।
मूर्ख मान्छेले राजा आफ्नो भन्छ । ज्ञानी जनले उसलाई मूर्ख भन्छ ।
सेवा मात्र गरी आफ्नो काम बनेमा । लानुपर्दैन लड्डु सौगातरूपमा ।

दोहा

मूर्खसँग हिँडे दिनहुँ सज्जनले दुःख भोग्छ ।
नकर्मीले ज्यासलको ढुङ्गालाई दिनहुँ ठोक्छ ॥ २६ ॥

चौपाई

उपदेश दिएर स्वभाव फेर्न गाह्रो । आगो निभेपछि पानी तात्न गाह्रो ।
सबैलाई मन पर्छ राज्यलक्ष्मी । त्यसैले त राजाको चाकरी गर्छ ।
मन पर्ने मान्छेले सरापे पनि । त्यसै बसिदिन्छ ख्याल गरेको भनी ।
कुष्ठले बिगारे पनि त शरीर । कसको प्यारो हुन्न आफ्नो शरीर ।

दोहा

अलि अलि सञ्चय गरेमा बन्छ है धनवान् ।
अलि अलि विद्या पढ्ने गरे मूर्ख पनि बन्छ ज्ञानवान् ॥ २७ ॥

चौपाई

पर्नुपर्छ राजाको आँखामात्र । कुल नभए पनि ऊ बन्छ पात्र ।
लोकले गर्छ उसलाई अति मान । लक्ष्मी हाँसी पस्छिन् उसकै घर आँगन ।
बेला बेलामा गाईको दूध दुहेर । प्रजालाई पाली राजा लिन्छ कर ।
रूखलाई मलजल गरेर बस्छ । फलेको फल पनि टिप्दै बस्छ ।

दोहा

दुष्टको सङ्गतले नई भएन कसैलाई दोष ।
भट्टीबाट दूधको गाग्री ल्याए पनि ठान्छ है त्यो मद ॥ २८ ॥

चौपाई

विद्याले प्राप्त हुन्छ है विनय । विनयले बन्छ है प्रिय पात्र ।
पात्र बनेपछि प्राप्त हुन्छ धन । धनले धर्म र सुख मिल्छ ठान ।
काम लागेन ती कुकुरको पुच्छर । धपाउन सकेन झिँगालाई हेर ।
मन परेन मूर्खलाई पुच्छर । विद्या नपढ्नाले बस्नुपऱ्यो रोएर ।

दोहा

उपाय गरे कोटी, बिग्रेको कुरा सपार्छु भनी ।
बिग्रेको दूध मथेर निकाल्न सक्तैन है नौनी ॥ २९ ॥

चौपाई

जोसँग छैन कति पनि पैसा । कसले गर्छ उसलाई दिनहुँ सेवा ।
जातको शोक दामले गरेको छैन । धनी मान्छे भोकै बस्नु परेको छैन ।

इति श्री सिद्धिदास अमात्य विरचिते
सज्जन हृदयाभरण तृतीय सर्ग ॥ ३ ॥

अथः चतुर्थ सर्ग

स्त्री धर्म

दोहा

काम गर्न जन्म दिने ईश्वर हुन् हामीलाई ।
काम नगरे कहाँ हुन्छ भलो हामीलाई ॥ १ ॥

चौपाई

पतिव्रता धर्म लेखेँ चौपाई । दोहा मात्र लेखेँ नीतिका कुरालाई ।
नारीको धर्म यही हो भनी जान । धेरै हुन्छ बुझ्न पढेपछि ज्ञान ।

दोहा

भलो गरे राम्रो गनिन्छ, सधैँ नाम लिन्छ ।
व्यापार गरे ब्यापारी, चोर्न गए चोर गनिन्छ ॥ २ ॥

चौपाई

आफ्नो लोग्ने कालो भए पनि । चाण्डाल, पापी, रोगी भए पनि ।
स्वभाव धर्मात्मा भए पनि । अति अमली, रिसाहा भए पनि ।
बूढा, मूर्ख, लाटा भए पनि । काना, कान नसुन्ने भए पनि ।
घिन लाग्दो र दरिद्र भए पनि । देव सम्झनू पतिव्रता नारीले जानी ।

दोहा

सधैँ सधैँ सङ्गत दुष्टको गर्नुपर्छ है त्याग ।
कौको ज्यासलमा बसे आगोले तान्छ धुमधाम ॥ ३ ॥

चौपाई

अति नै डर लाग्दो छ भने पनि । परस्त्री लम्पट भए पनि ।
अहङ्कार, काम, क्रोध सबै छाडी । हँसाउनुपर्छ है प्रतिदिन स्वामी ।
यौवन लुट्न अरूले धन देला । मसित आए गहना, वस्त्र दिन्छु भन्ला ।
जात्राको हुलमा हात समाई तान्ला । पतिव्रता नारी होसियारी रहला ।

दोहा

विद्या पढे ज्ञानी हुन्छ, परअपमान गर्न छाड्छ ।
अपमान गर्ने पण्डित पनि मूर्खसम गन्छ ॥ ४ ॥

चौपाई

पतिव्रता नारीको जति केश हुन्छ । ती नारी त्यति नै स्वर्गमा बास गर्छ ।
शोभा हुन्छ नारी ती अति नै आहा । अरू पुरुष हेरी गर्दैन डाहा ।
गहना देखाए पनि गर्दैन लोभ । सच्चा नारीको यही ठूलो धर्म ।
यस्तो उस्तो छ भनी फकाए पनि । पतिव्रता छाड्दैन जिद्दी गरे पनि ।

दोहा

यो संसारमा जन्मेको दुई वटा वस्तु सार ।
मीठो वचन बोलेर गरौँ है परउपकार ॥ ५ ॥

चौपाई

मीठो मीठो रोटी स्वामीलाई नखुवाई । आफैँमात्र जो खान्छ अति स्वाद लिई ।
पापी भन्छ त्यसलाई यहाँ सबै लोक । मरेपछि जान्छ यही दोषले नरक ।
जति सक्छ त्यति नै हित गर्छ स्वामीलाई । स्याहार सुसार गरेर गर्छ चाकरी ।
भूमिमा नराखी मान गरी हिँड्छ । पतिव्रता नारीको रत्न यही भन्छ ।

दोहा

अधमको सङ्गत लागेर धार्मिक बन्छ है पापी ।
सर्पको मुखमा लागेको पानी विषसम तापी ॥ ६ ॥

चौपाई

नारीको स्वामीसम गुरु र देव । धर्म तीर्थको व्रतको यही हो नेम ।
त्यसैको लागि सबैलाई छाडी । पूजा गर्नुपर्छ स्वामीलाई डाकी ।
आफ्नो स्वास्नी छाडी हिँड्छ घुमी घुमी । मरे पछि बकुला हुन्छ ती नारी ।
स्वामीलाई छली केटाको पछि लाग्ने । अर्को जुनीमा हुन्छ उनको आँखा टेढो ।

दोहा

कसैले आफूलाई बिगार्छ भनी नगर ध्यान ।
थाहा नदेऊ अरूलाई गरेको धर्मको ध्यान ॥ ७ ॥

चौपाई

सुख होस् दुःख होस् बराबर गरी । चुप लागी बस्छे मन धैर्य गरी ।
धन होस् वा नहोस् सहेर बस्नुपर्छ । पतिव्रता नारीले यति गरी बस्छ ।
मसिनो स्वरले मधुर बोली । सचरित्रको हुन्छ नारीको बानी ।
आफ्नो बयान आफैँ गर्दैन उनी । अरूको निन्दा पनि गर्दैन उनी ।

दोहा

आफ्नो साक्षी ईश्वर छ मनले गर विचार ।
नराम्रा काम छाडी गर प्राणीको उपकार ॥ ८ ॥

चौपाई

पतिव्रता नारीले गर्नुपर्ने नगरी । बस्छे मन लागेको काम गरी ।
जिउँदा दुःख भोगी, मरेपछि यमले । सास्ती गर्छ उनीलाई छुटाई लोग्ने ।
अशुचि हुन्छ है मान्छेमा मृतक । स्वामीबिना नारी पनि हुन्छ मृतक ।
शुचि हुन्छु भनी जति गरे पनि । लोग्नेबिना हुन्न जो नारी पनि ।

दोहा

आफ्नो दोष आफैँले खोज्नुपर्छ मनले ।
अरूको दोष बिर्से निस्कन्न द्वेष रीसले ॥ ९ ॥

चौपाई

दिनहुँ हिँड्छे लिई स्वामीपक्ष । नियन्त्रण गरी दश इन्द्रिय ।
आहा यी नारी त भलादमी भन्छ । दुःख सहेर यिनी मन स्थिर राख्छ ।
स्वामीको वचन भूमिमा नपारौँ । राता टीका लगाई राम्रो नपारौँ ।
खितितिति हाँसेर नगरौँ है ख्याल । अरूको घरमा चाहार्ने नगरौँ है चाल ।

दोहा

हेरौँ हेरौँ भनी मन गरी फेरि फेरि शास्त्र ।
राम्रो गर्नू है सधैँ बन्ने मन छ भने असल पात्र ॥ १० ॥

चौपाई

नारीले घरको सबै सरसामान । गरी राख्नुपर्छ है सबै निदान ।
बेफ्वांकमा धेरै खर्च नगरौँ । सासु र ससुरालाई दिनहुँ धोगौँ ।
गीत गाउन सके विद्या जानी । तरुणी र रूपवती भए पनि ।
आफूझैँ राम्रो र तरुण देखे पनि । मन नबिगारे भनौँ सती तिनी ।

दोहा

विचार नगरी हिँडेपछि पछुताउ पर्ला ।
काम सबै बिग्रन्छ आफ्नो लोकले हेला गर्ला ॥ ११ ॥

चौपाई

अरू पुरुष हाँसी ठट्टा गरी । यहाँ आऊ है भनी डाके पनि ।
नहेरी बसौँ है उसको अनुहार । नहाँसी बस्नुपर्छ चुप लागेर ।
हेर्दा लोभ लाग्दो हिसि परे पनि । अति बूढो मन पराउने तरुणी ।
यस्ता परपुरुषलाई त्याग्ने नारी । साक्षात् उनी पतिव्रता नारी ।

दोहा

गाह्रो छ बनाउन, सजिलो छ बिगार्न ।
पहाडमा ढुङ्गा लान गाह्रो, सजिलो खसाल्न ॥ १२ ॥

चौपाई

पतिव्रता नारीले अरूहरूको स्वामी । देवसम भए पनि भाग्यमानी ।
गर्दैन प्यार ती नारीजनले । आफ्ना स्वामीलाई अति माया गर्छे ।
स्वामीले खाएपछि आफूले खान्छे । स्वामीको दुःखमा आफू दुःखी हुन्छे ।
स्वामीको गतिलाई आफ्नो गति भन्छे । स्वामी विदेश हिँडे अति दुःखी हुन्छे ।

दोहा

आफूलाई गरेको उपकार बिर्सने ।
अरूको उपकार नगर्नेको के मुख हेर्ने ॥ १३ ॥

चौपाई

अरूको पुरुषलाई हेर्दै नहेर्ने । सासु ससुरालाई अति माया गर्ने ।
दुःख र सुख सबै सहेर बस्ने । यिनी नै हुन् पतिव्रता नारी भन्ने ।
जम्मा गरौँ भन्छे सधैँ धन । ल्याएको सामान गर्छिन् निदान ।
कुलको रीत सबै थाहा हुने । आफूले सक्ने धर्म सधैँ गरी बस्ने ।

दोहा

पण्डितको सङ्गतले मूर्खमा पनि आउँछ ज्ञान ।
चन्दन घोट्नेले लिन्छ दिनहुँ मान, सम्मान ॥ १४ ॥

चौपाई

घरमा आएपछि स्वामीलाई उनी । जे-जे भन्छ काम गरी दिन्छे उनी ।
सधैँ नै हँसिलो भई बस्ने । पाल्नुस् है भनी मान गरी बस्ने ।
अरू पुरुषसित कुरा नगरी बस्ने । सन्तोष भई सबै पाप नाश गर्ने ।
धेरै नहाँसी बस्छे चुकली पनि नगरी । रीस राग नगरी क्रोध पनि छाडी ।

दोहा

सत्य वचन बोल्नेलाई कहिले दुःख हुन्न ।
झूठो बोल्नेले नै लेपन गर्थे तामामा सुन ॥ १५ ॥

चौपाई

जतिसम्म लोग्नेले खान लाउन छोड्छ । त्यति नै आफूले खान लाउन छोड्छ ।
दिनहुँ नुहाई सफा भई बस्छे । बुकुवा दलेर राम्री भई बस्छे ।
हुँदैन भलो हेरेर अरूको स्वामी । गर्नुपर्छ माया दिलले आफ्नो स्वामी ।
स्वामीले जे-जे भन्छ सबै कुरा सुनी । बीचमा कुरा नकाटी रहन्छे सुनी ।

दोहा

धर्मबिना यो संसारमा अरू छैन भलो ।
पापबिना यो संसारमा छैन है कुभलो ॥ १६ ॥

चौपाई

स्वामीको वचन नफालौँ है भूमिमा । जे-जे भन्छ सबै पुऱ्याई दिऔँ कुरा ।
दिन दिन रिसले थुसुक्क नबसौँ । स्वामीको मुहार ध्यान गरी बसौँ ।
आफ्नो स्वामी झगडालु नै भए पनि । पिटपाट गरेर हेला गरे पनि ।
पतिव्रता नारी त बस्छे हाँसी हाँसी । अति खुशी भएर कुरा मात्र सुनी ।

दोहा

गुनिलो खाए हुन्छ धर्म, अगुनिलो खाए हुन्छ पाप ।
गरौं काम अन्नबाट, अगुनिले बिग्रन्छ साप ॥ १७ ॥

चौपाई

पिटपाट गरी रुनु परे पनि । रुन्छे सुस्तरी उसलाई माया गरी ।
बाहिर जानु परे एक्लै नगई । जहाँ जानु परे पनि सोधेर जान्छिन् ।
जानुहुँदा परदेश कुनै बेला स्वामी । श्रृङ्गार नगर मुखमा बुकुवा दली ।
नलगाउनू है गहना र गाजल । नलगाउनू है तेल र अत्तर ।

दोहा

एउटै बनको बाँसको बन्छ मुरली र काँढा ।
सत्सङ्गतले नै बन्छ है ज्ञानी र मूर्ख यहाँ ॥ १८ ॥

चौपाई

केश उखाल्ने नगर बन्छु भनी राम्री । नङ आदि काटी नबन धेरै राम्री ।
ख्याल गरी नहिँड है मिचिमिची हाँसी । साथी सङ्गिनीबिना नघुम्नू है कहीँ ।
लाज नमानी पछ्यौरा नओढी । झ्यालमा नबस है काम सबै छाडी ।
लोभ गर्छ उनको जवानी अरूले । दुःख भोग्नुपर्ने हुन्छ है ती नारीले ।

दोहा

राम्रो काम गर्ने दश वर्ष बाँचे पनि सार ।
नराम्रो गर्ने अल्प अल्प बाँचे पनि छैन सार ॥ १९ ॥

चौपाई

स्वामीको पछि खानू अति हिसि परी । नमीठो पनि खानू है मीठो मानी ।
हरिको प्रसाद भनी मनले सम्झी । पतिव्रता नारीको धर्म हो यो साथी ।
तीर्थ जाने इच्छा जागेमा स्त्रीलाई । हरिहर सम्झौं आफ्ना स्वामीलाई ।
स्वामीको पादुका छुवाई पिऔं पानी । पतिव्रता नारीको यही धर्म मानी ।

दोहा

रोगको बीउ र ऋणको बीउ पार्नुपर्छ निर्मूल ।
सानै भए पनि आगोको बीउ नास्नै पर्छ बिलकुल ॥ २० ॥

चौपाई

स्वामीले गाली गरे नदिऊँ उत्तर । पछि हुने जन्ममा हुन्छ है कुकुर ।
नारीको धर्म नै अति विशाल । जेठीहरूको पाउ बहुले ढोग्नुपर्छ ।
मधुर वचन गरी हाँसी हिँड्ने । लाज मानी सधैँ सुस्तरी हिँड्ने ।
शुचि-पवित्र भएर हिँड्ने । यिनै हुन् साक्षात् लक्ष्मी घर बसाल्ने ।

दोहा

ज्ञान हुने मान्छेले अन्नलाई सधैँ सधैँ गर्छ प्रेम ।
भोजनले नै हो जीवले गर्न सकेको काम ॥ २१ ॥

चौपाई

लक्ष्मीनारायण बाबुको नाम । हर्षलक्ष्मी हो आमाको नाम ।
सिद्धिदास हो जान मेरो नाम । केल टोल क्वाछेँ ननीमा मेरो जन्म ।
हजार नौसय बहत्तर साल । फागुन शुदिको दशमी दिन काल ।
लेखेको सिधियो है ग्रन्थ बन्धु जन । सज्जन दिनुहोस् क्षमा मलाई आज ।

इति श्री अमात्य सिद्धिदास विरचिते
सज्जन हृदयाभरण चतुर्थ सर्ग समाप्त ।
शुभम् ॥

अनुवादक परिचय

छत्रबहादुर कायस्थ

ललितपुर, नेपाल ।

फोन नं. ५५३७६८३

संस्थापक अध्यक्ष

१. **साहित्यया मूलुखा**, ललितपुर, (वि.सं. २०१५),
२. **श्री अमृत पुस्तकालय**, ललितपुर, (वि.सं. २०१९),
३. **शहीद स्मारक समिति**, ललितपुर, (वि.सं. २०१९),
४. **सिद्धिदास सच्छिदँ बुदिं ग्वसाः खलः**, पोखरा, (वि.सं. २०२४),
५. **नेपालभाषा मंकाः खलः**, ललितपुर, (वि.सं. २०३६),
६. **शहीद शुक्र स्मृति प्रतिष्ठान**, ललितपुर (वि.सं. २०५०)

पत्रिका सम्पादन

१. **शान्तिविजय** वार्षिक, वि.सं. २०२६ देखि, बुद्धजयन्तीको उपलक्ष्यमा,
२. **ज्वलान्हायकं** वार्षिक, वि.सं. २०२६ देखि, नववर्षको उपलक्ष्यमा,
३. **अमृत** द्वैमासिक, वि.सं. २०२६ भाद्रदेखि,
४. **सिर्जना** मासिक, वि.सं. २०२९ देखि,
५. **लुँज्याः** अर्धवार्षिक, वि.सं. २०३७ देखि,
६. **थपू** वार्षिक, वि.सं. २०३७,
७. Nepal Scope, Monthly Magazine, from December 1978,
८. **नेपाल संस्कृति** मासिक, वि.सं. २०४७ देखि, पूर्णाङ्क २०९ पुग्यो,
९. **हेटौडाया लसतापौ** वार्षिक, वि.सं. २०५८ देखि

पुरस्कार

१. **हेमराज ह्ःपाः व सिरपाः**, वि.सं. २०५२, **नेपाल संस्कृति** मासिकको लागि,
२. **चित्तधर सिरपाः**, वि.सं. २०५४, नेपालभाषा, साहित्य सेवाको लागि,
३. **नेवाः हना सिरपाः सक्व**, वि.सं. २०६७, नेपालभाषा, साहित्य सेवाको लागि

उपाधि

१. **वर्ष पुरुष (दँ मनू)**, वि.सं. २०५७,
२. **भाषाज्योति**, वि.सं. २०५८,

प्रकाशित कृति : ६० (विविध विधामा)

सज्जन हृदयाभरण (नेपालीभाषा संस्करण) **पासा पुचः बेल्जियम**



लेखक

सिद्धिदास अमात्य



अनुवादक

छत्रबहादुर कायस्थ

Siddhidas Amatya's

Sajjan Hridayabharan

Nepali Translation By

Chhatra Bahadur Kayastha

2010

Pasa Pucha, Belgium

ISBN: 978-9937-2-2676-9